कर्मचारी आवश्यकता

यस कम्पनीका लागि देहायबमोजिमको पदमा योग्य तथा इच्छुक कर्मचारी तथा कामदारहरू आवश्यक भएकाले यो सूचना प्रकाशित गरिएको छ ।

पद : कार्यालय सहायक **सङ्ख्या** : १ जना (विवाहित महिला)
उमेर : २५ देखि ३५ वर्षसम्म
न्यूनतम शैक्षिक योग्यता : व्यवस्थापन विषयमा स्नातक तह उत्तीर्ण, लेखा तथा कम्प्युटरसम्बन्धी ज्ञान भएको (नेपाली तथा अङ्ग्रेजी टाइपिङ)
पारिश्रमिक : मासिक रु. १५,०००/- (खाजा सुविधासहित)
कार्य समय : बिहान ९:०० बजेदेखि बेलुका ५:०० बजेसम्म
पद : कामदार, **सङ्ख्या** :४ जना (पु.), **योग्यता** : साधारण लेखपढ
आवेदन दिने प्रक्रिया : आफ्नो व्यक्तिगत विवरण (बायोडाटा) तथा हस्तलिखित निवेदनसहित सूचना प्रकाशित भएको मितिले **१५ दिनभित्र** आवेदन दिनुहुन अनुरोध गरिन्छ ।
सम्पर्क नं. : ०१-६६१३४४० / ०१-६६१४०२७
ठेगाना : भक्तपुर सेरामिक्स प्रा. लि., भक्तपुर औद्योगिक क्षेत्र, ब्यासी

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ५८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : ३०३ ★ ने. सं. ११४७ कछला थ्व, त्रयोदशी ★ आइतबार ★ ६ मङ्सिर, २०८३ ★ November 22, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

जापानी चिकित्सकहरूको टोली खवप अस्पतालमा

खवप अस्पतालको प्रगति देखेर खुसी व्यक्त



भक्तपुर, ५ मङ्सिर । जापानी डा. हायसीको नेतृत्वमा आएको चिकित्सकको टोलीले खवप अस्पताल व्यवस्थापन समितिका अध्यक्ष एवं नगर प्रमुख सुनिल प्रजापतिलाई भेट गऱ्यो । भेटमा प्रमुख प्रजापतिले खवप अस्पताल जनताको अस्पतालको रूपमा विकास भइरहेको चर्चा गर्दै श्वास प्रश्वास पुनः स्थापना केन्द्रको स्थापनाले धेरै बिरामीहरूको सेवा भएको बताउनुभयो ।

खवप अस्पतालको स्तरोन्नतिको लागि आफूहरू निरन्तर लागिरहेको बताउँदै उहाँले अस्पतालको अभिन्न अङ्गको रूपमा विकास भइरहेको छ भन्नुभयो ।

आ.व. २०८२/८३ मा खवप अस्पतालले ३ लाख २७ हजारभन्दा बढी जनतालाई सेवा प्रदान गरेको जानकारी गराउँदै प्रमुख प्रजापतिले भक्तपुरमा प्राप्त कुनै पनि सहयोगको सही सदुपयोग हुने बताउनुभयो ।

जापानी चिकित्सक टोलीका प्रमुख डा. हाय्सीले खवप अस्पताल र श्वासप्रश्वास पुनःस्थापना केन्द्रको सेवाबाट आफूहरू प्रभावित भएको बताउँदै श्वास प्रश्वास केन्द्रको खवप अस्पतालको अभिन्न अङ्गको रूपमा विकास भइरहेको पाउँदा ज्यादै खुसी लागेको बताउनुभयो ।

आफू ७ वर्षअघि भक्तपुर आउँदाको स्मरण गर्दै उहाँले स्वास्थ्य क्षेत्रमा भक्तपुर नगरपालिकाले प्रगति गरेको आफूले पाएको बताउनुभयो ।

शिक्षण अस्पताल महाराजगञ्जका डा. खेम कार्कीले अन्य क्षेत्रको तुलनामा भक्तपुरमा स्वास्थ्य सेवा राम्रो भएको र श्वासप्रश्वास पुनः स्थापना केन्द्रको सेवासम्बन्धी विवरणहरू अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित गर्ने प्रयास गर्ने बताउनुभयो ।

डा. प्रदिप श्रेष्ठले श्वास प्रश्वास केन्द्रलाई तालिम केन्द्रको रूपमा विकास गर्न चाहेको बताउँदै हरेक क्षेत्रमा भक्तपुरमा सफल हुने अन्त किन हुँदैन भनी जिज्ञासा राख्नुभयो ।

स्मरणहोस्, श्वासप्रश्वास पुनःस्थापना केन्द्र जापानी संस्था जिमटेफको सहयोगमा निर्माण भएको थियो ।

भेटघाटमा खवप अस्पताल सञ्चालक समितिका उपाध्यक्ष एवं नगर उपप्रमुख रजनी जोशी, सदस्यहरू हरिप्रसाद बासुकला, कृष्णप्रसाद कोजु, डा. मजेशप्रताप मल्ल, डा. रत्नसुन्दर लासिवा, नर्स रचना सुवाललगायतको उपस्थिति थियो भने जापानी टोलीबाट ६ जना चिकित्सकहरूको उपस्थिति थियो ।

टोलीले खवप अस्पतालको सेवा प्रवाहबारे विस्तृत अध्ययन अवलोकन गरेको थियो ।

नयाँ ढङ्गले राजनीति गर्ने भन्नेहरू पनि पुँजीवादी व्यवस्थामै व्यस्त

काठमाडौं, ५ मङ्सिर । नयाँ ढङ्गले राजनीति गर्ने भनेर सतहमा आएका राजनीतिक दलले आफ्नो मूल राजनीतिक विचार नै 'पुरानो' जति गलत र 'नयाँ' जति ठीक भनी अर्थ्याउन थालेको छ । पुरानो पार्टीमा ठाउँ नपाएर, पुराना पार्टीबाट पन्छाइएका र युवाको नाउँमा पुराना राजनीतिक दलबाटै उदाएका 'नयाँ' नेताहरू पुरानै व्यवस्था र मन्त्र बोकेर स-साना सुधारात्मक कार्यक्रम ल्याएर ठुलै काम गरेको हल्ला पिट्दै छन् । वास्तवमा नयाँ सरकारले ल्याएको अवधारणा पनि पुँजीवादी अवधारणा नै हो; पुँजीपति विचारकै तस्बिर हो । पुरानो मान्छेले नयाँ वस्त्र लाउँदैमा नयाँ मान्छे हुँदैन । नयाँ मान्छेले पुरानो विचार बोक्दैमा नयाँ विचार हुँदैन । हिजो निरङ्कुश राजतन्त्रात्मक व्यवस्था थियो । त्यो व्यवस्था अन्त्य गरेर पुँजीवादी व्यवस्था ल्याइएको हो । पुँजीवादी व्यवस्थाकै सिंहासनमा बसेर, पुँजीवादी व्यवस्थाकै छत्रछायामा रहेर गरिएको राजनीतिमा के नयाँ विचार हुन्छ ? उही व्यवस्था उही ऐन कानुनमा टेकेर शासन गर्ने दलको के नयाँ व्यवस्था हुन्छ ?

युवाहरूको नेतृत्वमा बनेको रास्वपाको सरकारले अब केही गर्ला कि भन्ने विश्वास जनतामा छाएको हो । पहिले माओवादी युद्धपछि बनेको माओवादी सरकारले पनि केही गरेर देखाउला भन्ने जनतामा विश्वास थियो । तर, त्यो सरकारले पनि गतिलो ढङ्गले देश र जनताको पक्षमा काम गर्न सकेन । यो रास्वपाको सरकारले देश र जनताको हितमा काम गर्ला भन्ने जनतामा छाएको आशा पनि घटनाक्रमले मरिसकेको छ । यो सरकारले कसको हितमा शासन गर्छ भन्ने कुरा सरकारले सार्वजनिक गरेको सरकारी नीति तथा कार्यक्रम र बजेटले नै पुष्टि गर्छ । अर्थमन्त्री स्वर्णिम वाग्लेले त यो सरकार मध्यमवर्गको पक्षमा रहेको स्पष्ट पारिसकेका छन् । मध्यमवर्गको पक्षमा राजनीति गर्ने वर्तमान सरकार गरिबवर्गको पक्षमा नरहेको या बहुमत जनताको पक्षमा नरहेको पुष्टि हुन्छ । सरकारले देशको विकासको आधार विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष, स्वदेशी तथा विदेशी ऋण, विदेशी अनुदान र सहयोगलाई मानेको छ । अतः सरकार हरतहरले विदेशी सहयोगको निम्ति हात थाप्न पछि परेको छैन ।

कुनै पनि दलको सरकारले श्रमजीवी जनता या बहुमत जनताको सेवा नगरिकन, उनीहरूको हितमा ऐन कानुन नबनाइकन देशको विकास कसरी हुन्छ ? जनताको जीवनस्तर कसरी उठ्छ ? एकातिर सरकारको आफ्नै स्रोत र साधनलाई उपयोग गर्नेतर्फ ध्यान गएन भने अर्कोतिर अरु देशबाट प्राप्त ऋण, अनुदान र आर्थिक सहयोगलाई उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न सकेन । प्राप्त सहयोग अनुत्पादक क्षेत्रमा प्रयोग भएपछि सरकारले लिएको ऋण कसरी तिर्न सक्छ ? ठुला पक्की पुल र चिल्लो बाटो नै विकासको आधार होइन । दुई चार किलोमिटर बाटो बनाउने, दुई चार वटा पुल बनाउने, दुई चार वटा स्कूल, कलेज र अस्पताल स्थापना गर्ने काम त जुनसुकै सरकार आए पनि गर्छ । त्यो स्वाभाविक प्रक्रियाभित्र पर्छ । पच्छिमा रुपरेखाभित्र रहेर गरिएको कच्चा प्रयत्नले उपलब्धि पनि कम नै हुन्छ । देशको परिस्थिति अनुकूल देशको माटोमै भिजेर, नेपाली जनताको पसिनाको मूल्य बुझेर नेपाल र नेपालीको सिङ्गो विकासको निम्ति सरकार लाग्नुपर्छ । दुई चारवटा ठुला सहरिया जनताको भौतिक सुख-सुविधा र झिलिमिलीलाई आधार मानेर नेपाली जनताको जीवन सुखमय छ; देश विकास भइसकेको छ भनेर हल्ला पिटेर गर्व गर्नु उचित होइन ।

हरेक उच्चस्तरीय राजनीतिक भ्रमणमा आयोजना अघि बढाउने, असमान सन्धि सम्झौता खारेज गर्नुपर्ने या सुधार गर्नुपर्ने, सल्लाह हुन्छ तर कार्यान्वयन हुँदैन । नेपालका प्रधानमन्त्रीहरूको भारत भ्रमण धेरै भयो । हरेक भ्रमण उपलब्धिमूलक र सफल भएको उद्घोष हुन्छ । तर, भ्रमणको क्रममा हुने सन्धि सम्झौता नेपाल र नेपालीको भन्दा भारतको हितमा हुन्छ । कुनै पनि सरकारले भारतले मिचेको नेपाली भूमि फिर्ता लिने प्रयास गर्दैन । भारतले मिचेको नेपाली भूमि फिर्ता लिने त के नेपालले पनि भारतीय भूमि मिचेको छ भनेर उल्टो देशविरोधी कुरा प्रम बालेन साहले फुके । भ्रमण राष्ट्रहितबारे छलफल हुन्छ भन्छ तर राष्ट्रको अहितमा सम्झौता हुन्छ । यही मङ्सिर ६ र ७ गते हुने भनिएको प्रम बालेन साहको भ्रमणले नेपाल र भारतबिचको सम्बन्धको भावी मार्गचित्र कोरिने अपेक्षा नेपाल सरकारले गरेको छ । नेपाल सरकारले नेपालको भावी मार्गचित्र के कोर्ने हो, केमा सहमति या सम्झौता गरेर गुमाउने हो ? सोचनीय छ ।

मङ्सिर ५ गते प्रकाशित 'अन्नपूर्ण' पोस्ट दैनिकमा लेखियो, 'सरकारी कोषमा साढे १८ अर्ब : पीडितको हात रित्तै' पीडितले पाएको राहत रकममा एकरुपता नदेखिएको र वितरणमा ढिलाइ भएको गुनासोको स्वर अहिले पनि सेलाएको छैन । राहत वितरणमा वास्तविक पीडित छुटेको र पहुँच हुनेले बढी पाएको पीडित पक्षको अर्को गुनासो हो ।

बाँकी पृष्ठ ८ मा

कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १७७

नेपाली सेना

संविधानको धारा २६६ ले नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्न तथा नेपाली सेनाको परिचालन वा नियन्त्रण गर्नका लागि मन्त्रिपरिषद्लाई सिफारिस गर्न प्रधानमन्त्री अध्यक्ष र रक्षामन्त्री, गृहमन्त्री, परराष्ट्रमन्त्री, अर्थमन्त्री, मुख्य सचिव र प्रधानसेनापति सदस्य रहने गरी राष्ट्रिय सुरक्षा परिषद्को व्यवस्था गरेको छ ।

धारा २६७ अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि नेपाली सेनाको गठन गरेको छ । सोही धाराको उपधारा (६) मा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विश्रृङ्खलताको कारण गम्भीर सङ्कट उत्पन्न भए राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मन्त्रिपरिषद्को निर्णयबमोजिम राष्ट्रपतिबाट नेपाली सेना परिचालनको घोषणा गर्नसक्ने व्यवस्था उल्लेख गरिएको छ ।

उल्लिखित संवैधानिक प्रावधानको अधीनमा रही नेपाली सेनासम्बन्धी कानुन हाल सैनिक ऐन २०६३, अस्तित्वमा रहेको छ । ऐनको दफा ४ मा 'नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षाको लागि नेपाली सेना स्थापना गरिने छ' भनी प्रस्ट उल्लेख गरेको छ ।

सैनिक ऐन २०६३, को दफा ६ (३) (क) ले नेपालको संविधानमा उल्लिखित कामको अतिरिक्त राष्ट्रिय सुरक्षा परिषद्ले नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोगसम्बन्धी नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकार समक्ष पेस गर्ने उल्लेख गरेको छ ।

भदौ २३ गते सुरु भएको जेन्जी समूहको शान्तिपूर्ण हुने भनिएको आन्दोलन मण्डलामा सुरु भई एभरेस्ट होटेल बानेश्वर पुग्दा अशान्त भइसकेको थियो । शान्तिपूर्ण प्रदर्शनको प्रकृति र आकलन फेरिँदै र बढ्दै भिड अनियन्त्रित हुन पुग्यो । परिस्थितिको गाम्भीर्यतालाई बुझी केही जेन्जी नेताले आन्दोलन फिर्ता लिएको घोषणा पनि गरे । त्यसपछि पनि आन्दोलन शान्त हुनुको सट्टा झन् उग्र बन्दै गयो र बानेश्वर चोकमा चारैतिरबाट विभिन्न ग्रुपहरू सामेल हुन पुगे । संसद् परिसरमा आक्रमणको प्रयास सुरु भयो । प्रहरीले यसलाई नियन्त्रण गर्न barricade राखेदेखि पानीका फोहरा हान्ने, Tear gas हान्ने र हवाईफायर गर्दा पनि भिड control नहुने देखेर फायर नै खोल्यो । परिस्थितिको गाम्भीर्यतालाई ध्यानमा राखेर काठमाडौंका प्रमुख जिल्ला अधिकारीले कर्फ्यु लगाउन आदेश दिएको देखिन्छ । यस घटनामा खासगरी संसद् भवन वरपर परिस्थिति बिग्रिएपछि सेनाका जवान २ ट्रकमा आएको तर सैनिकहरू ट्रक बाहिर निस्कन नसकी फिर्ता गएको र पछि प्रहरीले escort गरी साँझतिर ल्याएको र रातभरि सेना संसद् परिसरमा रहेको देखिन्छ ।

सामान्यतया सेनाको स्थानीय प्रतिनिधि पनि जिल्ला सुरक्षा समितिमा रहने व्यवस्था स्थानीय प्रशासन ऐनको दफा ६(७) मा रहेको र कर्फ्यु लागेपछि सेना परिचालन भई शान्ति सुरक्षामा सहयोग पुग्ने गरेको विगतको प्रचलनले देखाउँछ । २०४६ सालमा पनि (गृहमन्त्री कमल थापा रहँदा) प्रमुख जिल्ला अधिकारीले कर्फ्यु आदेश जारी गरेपछि सेना परिचालन भएको इतिहास छ । करिब ९ दिन चलेको त्यस घटनामा पनि १९ जना व्यक्तिले ज्यान गुमाएका थिए । भदौ २३ गतेको घटनामा सेनाको यथेष्ट सहयोग किन प्राप्त भएन भन्ने प्रश्न अनुत्तरित नै रहेको छ ।

दोस्रो दिन २४ भदौमा पनि कर्फ्यु जारी गरिएको थियो । त्यसदिन पनि सेना परिचालन भएन । फलस्वरुप नेपालले इतिहासमै नभोगेको आगजनी, लुटपाट र तोडफोडका घटनाहरू भए । २४ गते विध्वंसको घटनाहरूमा सेनाकै संरक्षणमा रहेका सिंहदरबार परिसर र राष्ट्रपति भवनसमेत आगजनी तोडफोड भई क्षतविक्षत हुँदासम्म सेनाको भूमिका करिब निस्कृय जस्तै रह्यो । देश अति

बाँकी पृष्ठ ३ मा

देशको अवस्थाबारे उठेका प्रश्न

दुई पूर्वमन्त्री पक्राउ

● माओवादीबाट श्रममन्त्री भएका रामेश्वर राय यादव र नेकपा एस (माधवकुमार नेपाल) बाट श्रममन्त्री भएका शेरबहादुर कुँवर तथा तत्कालीन सचिव विनोद केसीसहित १० जनालाई मलेसियामा नेपाली कामदार पठाउँदा स्वास्थ्य परीक्षणबापत तोकिएभन्दा बढी एक सय रिंगेट मेलसियाली मुद्रा असुल गरेको आरोपमा सरकारले पक्राउ गरेको सार्वजनिक भयो । तत्कालीन श्रम सचिवको जिम्मेवारीमा बसेका सरकारका पूर्व मुख्यसचिव एकनारायण अर्याल भने फरार रहेको सार्वजनिक भयो । नेपालको माइक्रोटेक कम्पनीले स्वास्थ्य परीक्षणबापत बढी रकम उठाएको १ अर्ब ४० करोड मलेसियाको जिम्मेवारी पाएको बेस्टिनेट कम्पनीलाई पठाएको थियो । तत्कालीन श्रममन्त्री लोसपाका शरदसिंह भण्डारी र रास्वपाका डीपी अर्याल (हाल सभामुख) ले पैसा पठाउन स्वीकृति नदिएको सार्वजनिक भयो । तर, त्यतिबेला पनि एक सय रिंगेट बढी स्वास्थ्य परीक्षण शुल्क उठाएको कहाँ गयो ? यो प्रश्नको जवाफ रास्वपा सरकारले दिएको छैन ।

स्थानीय र प्रदेशसभा चुनाव

● निर्वाचन आयोगले देशभरिका प्रमुख जिल्ला अधिकारीमार्फत मङ्सिर १ गते स्थानीय र प्रदेशसभा निर्वाचनबारे राजनीतिक दलहरूसँग छलफल सुरू गऱ्यो भने मङ्सिर ४ गते आयोगको सभाकक्षमा राजनीतिक दलहरूसँग छलफल गऱ्यो । पछिल्लो छलफलमा आयोगले 'राष्ट्रिय मान्यता प्राप्त' को निहुँमा यसअघि सरकारमा पुगेका ६ दललाई मात्र बोलाएको पक्षपातपूर्ण भएको सार्वजनिक

बाँकी पृष्ठ ८ मा

नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताको तेस्रो दिनका खेलहरू

शनिबार जिम्न्यास्टिक खेल प्रतियोगिता सम्पन्न

भक्तपुर, ५ मङ्सिर । भक्तपुर नगरपालिकाको आयोजना भइरहेको नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत भनपा ७ नं. वडा कार्यालयको संयोजनमा शनिबार जिम्न्यास्टिक खेल प्रतियोगिता सम्पन्न भयो ।

समापन समारोहमा बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले जिम्न्यास्टिक खेलकुदमा उत्तर कोरियाले गरेको प्रगतिको दृष्टान्त प्रस्तुत गर्दै अनुशासित र सभ्य रूपमा खेलकुदलाई अगाडि बढाउन सबै तहले उत्तिकै योगदान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले विगतमा भक्तपुरमा कम मात्रै खेलिने जिम्न्यास्टिक खेल अझै उचाइमा पुऱ्याउन सकून् भनी शुभकामना व्यक्त गर्दै जिम्न्यास्टिक खेललाई खेलकुदको जननीको रूपमा लिने भएकोले यसको महत्त्व रहेको बताउनुभयो ।

कार्यक्रममा विष्णुनारायण ग्वाछा, केशव त्वानाबासु, सुरेन्द्र जाकिबन्जारलगायतले बोल्नुभएको थियो ।

शुक्रबार र शनिबार दुई दिन भएको उक्त प्रतियोगितामा जुनियर महिलातर्फ क्रमश: प्रथम, द्वितीय र तृतीय स्थानमा जेन्यूइन इङलिस सेकेन्डरी स्कूलका तुलिसा कोजू, लनर्स एकेडेमीका ओसिन श्रेष्ठ र एभरेस्ट इङलिस सेकेन्डरी स्कूलका मौसम अवाल पुरस्कृत भए ।

जुनियर पुरुषतर्फ क्रमश: प्रथम, द्वितीय र तृतीय स्थानमा लनर्स एकेडेमीका रिसव जाकिबन्जार, ए.जे. सेकेन्डरी स्कूलका प्रनिस माक, सैनिक आवासीय महाविद्यालयका सोनिस अवाल पुरस्कृत भए ।

त्यस्तै सिनियर पुरुषतर्फ क्रमश: प्रथम, द्वितीय र तृतीय स्थानमा प्रभात इङलिस सेकेन्डरी स्कूलका लिजव अवाल, ख्वप्रिङ इङलिस सेकेन्डरी स्कूलका ब्रायन लवजु, सैनिक आवासीय महाविद्यालयका रोहित थापा पुरस्कृत भए ।

सिनियर महिलातर्फ क्रमश: प्रथम, द्वितीय र तृतीय स्थानमा ख्वप्रिङ इङलिस सेकेन्डरी स्कूलका सिनोन बासुकला, एभरेस्ट इङलिस सेकेन्डरी स्कूलका सेरेसा प्रजापति, लनर्स एकेडेमीका सोयासा मानन्धर पुरस्कृत भए ।

फूटबल प्रतियोगिताको क्वाटरफाइनल खेल सुरू

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत महेश्वरी खेलमैदानमा चालू रहेको फूटबल प्रतियोगिताको क्वाटरफाइनल खेल सुरु भएको छ ।

फूटबल प्रतियोगिताको तेस्रो दिन शनिबार सुरु भएको पहिलो क्वाटरफाइनल खेलमा सरस्वती विद्यागृह मावि र मिनर्वा इङलिस सेकेन्डरी स्कूलबिच प्रतिस्पर्धा भयो ।

पहिलो हाफमा कुनै पनि गोल हुन सकेन । दोस्रो हाफमा सरस्वती विद्यागृह माविका आर्जन खड्काले एक गोल गरे भने सरस्वती विद्यागृह मावि आफैंले आत्मघाती गोल गरेर खेललाई बराबरी गरे । टाइब्रेकरमा सरस्वती विद्यागृह माविले ८-९ गोलले खेल जित्यो । उक्त खेलमा सरस्वती विद्यागृह माविका जर्सी नं. १ का महेश तामता म्यान अफ द माच घोषित भए ।

दोस्रो क्वाटरफाइनल खेलमा समता शिक्षा निकेतन र साइनिङ स्टुडेन्ट एकेडेमी इङलिस सेकेन्डरी स्कूलबिच प्रतिस्पर्धा भयो । पहिलो हाफमा साइनिङ स्टुडेन्ट एकेडेमीका विवश तामाङ र विपिन योन्जनले एक/एक गोल गरे भने समता शिक्षा निकेतनले गोल गर्न सकेन । दोस्रो हाफमा साइनिङ स्टुडेन्ट एकेडेमीका विवश तामाङ र सुबोध तामाङले एक/एक गोल गरे भने समता शिक्षा निकेतनका युनिक लामाले एक गोल गरे । यससँगै साइनिङ स्टुडेन्ट एकेडेमीले १-४ गोल अन्तरले खेल जित्यो । उक्त खेलमा साइनिङ स्टुडेन्ट एकेडेमीका जर्सी नं. ११ का विवश तामाङ म्यान अफ द माच घोषित भए ।

फूटबल प्रतियोगिताको चौथो दिन आइतबार दोस्रो दिनको खेलमा जितेका सैनिक आवासीय मावि र ख्वप्रिङ इङलिस एकेडेमीबिच तेस्रो क्वाटरफाइनल खेल हुनेछ भने प्रभात इङलिस सेकेन्डरी स्कूल श्री पद्म माविबिच चौथो क्वाटरफाइनल खेल हुनेछ ।

बुद्धिचाल प्रतियोगितामा प्रमाण-पत्रवितरण

भक्तपुर नगरपालिकाद्वारा आयोजित मङ्सिर ३ देखि ९ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताअन्तर्गत शनिबार भएको बुद्धिचाल प्रतियोगितामा विजयी खेलाडीलाई प्रमाणपत्र वितरण गरियो ।

कार्यक्रममा भनपा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले अध्ययनका साथै विद्यार्थीहरू खेलकुदमार्फत देशको सेवामा लाग्नुपर्ने आवश्यकता औंल्याउँदै विजेता खेलाडीहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै व्यवहारिक ज्ञान हासिल गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका कार्यपालिका सदस्य रोशनमैयाँ सुवालले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्यका साथ-साथै खेलकुद क्षेत्रलाई पनि विशेष ध्यान दिइरहेको बताउनुभयो । भ.न.पा. ६ वडा खेलकुद समितिका अध्यक्ष राजुसिं बजिकोले पनि आफ्नो धारणा व्यक्त गर्नुभयो ।

उक्त बुद्धिचाल प्रतियोगितामा ख्वप्रिङ ई. स्कूलले ३ स्वर्ण, १ रजत, प्रभात मा. वि.ले २ स्वर्ण, १ रजत, वागीश्वरी मा. वि.ले १ स्वर्ण बाल विकास ई. स्कूलले २ रजत, १ कास्य, ब्राइट स्टार ई. स्कूल र मेधा मा.वि.ले १-१ रजत र नवीन आ. वि., सरस्वती मा. वि. र महेन्द्र विद्याआश्रमले १-१ कास्य हासिल गर्न सफल भयो ।

कराँते प्रतियोगिता सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन भइरहेको कराँते प्रतियोगिताको २० केजी छात्रको कुमिते इभेन्टअन्तर्गत केयर किन्डर स्कूलका जेनिल सुवाल प्रथम, माउन्ट भ्याली स्कूलका समिर श्रेष्ठ द्वितीय र कमलविनायक स्कूलका दिशन मानन्धर र माउन्ट भ्यालीका सुशील श्रेष्ठ संयुक्त रूपमा तृतीय भए । २५ केजी छात्र कुमिते इभेन्टमा भने गोल्डेन गेट स्कूलका अन्मोल श्रेष्ठ प्रथम, साइनिङ स्टुडेन्ट एकेडेमीका आभास तामाङ द्वितीय र किन्डर केयरका इभान गोसाई र माउन्ट भ्यालीका युसेस उप्रेती संयुक्त रूपमा तृतीय हुन सफल भए ।

त्यस्तैगरी ३० केजी छात्र कुमितेमा साइनिङ स्टुडेन्ट एकेडेमीका रिडम अधिकारी प्रथम, पारागन एकेडेमीका त्रिदेव अवाल द्वितीय र शारदा माविका देव तामाङ र विद्याआर्जन स्कूलका आरोहण नला संयुक्त रूपमा तृतीय हुन सफल भए । ३५ केजी छात्र कुमितेमा भने बासु माविका आभास अधिकारी प्रथम, बाल विकास स्कूलका ब्रेशन केसी द्वितीय र साइनिङ स्टुडेन्ट एकेडेमीका प्रजुन तामाङ र बागीश्वरी माविका असीम त्वायना संयुक्त रूपमा तृतीय भए । ४० केजी छात्र कुमितेमा सनसाइन स्कूलका सुलभ भुजेल प्रथम, विद्यार्थी निकेतन माविका संदिप मिजार द्वितीय र जेन्युइन स्कूलका कृतन मगर र जेन्युइन स्कूलकै सरिक कोजु संयुक्त रूपमा तृतीय हुन सफल भए । ४५ केजी छात्र कुमितेमा आदर्श आजाद माविका विष्णु सुवेदी प्रथम, शारदा माविका सफल मानन्धर द्वितीय र हिमालयन स्कूलका विपुल त्वायना र एभरेस्ट स्कूलका मुथशदास कायष्ठ संयुक्त रूपमा तृतीय भए । ५० केजी छात्रमा आदर्श आजाद माविका सुमन सुवेदी प्रथम, ख्वपुङका सारुक राई, द्वितीय र बासु माविका आदित श्रेष्ठ र भक्तपुर मोर्डन स्कूलका बरदानसिं बजिको संयुक्त रूपमा तृतीय भए ।

खुला पुरुष कुमिते इभेन्टअन्तर्गत माउन्ट भ्याली स्कूलका बिकल चवाल प्रथम, श्री पद्म माविका देवराज पाण्डे द्वितीय र जेन्युइन स्कूलका प्रज्वल सुसम्पन्न राई र जेन्युइनकै हेमन्त राई संयुक्त रूपमा तृतीय भए ।

काटा जुनियरतर्फ ख्वप्रिङ एकेडेमीका सनिश श्रेष्ठ प्रथम, ख्वप्रिङ एकेडेमीका साइन्स श्रेष्ठ द्वितीय र किन्डर केयर स्कूलका इभान गोसाई र प्रभात सेकेन्डरी स्कूलका हर्षित दुमरु संयुक्त रूपमा तृतीय भए ।

काटा सिनियरतर्फ जेन्युइन स्कूलका प्रज्वल सुसम्पन्न राई प्रथम, मेधा मा. वि.का असीम यन्द्यो द्वितीय र माउन्ट भ्याली स्कूलका बिकल चवाल र माउन्ट भ्याली स्कूलकै रिशव सुलु संयुक्त रूपमा तृतीय भए ।

२० के.जी. छात्राको कुमितेअन्तर्गत माउन्ट भ्याली स्कूलका सायना कर्माचार्य प्रथम, केयर किन्डर स्कूलका प्रिस्का पहि द्वितीय, माउन्ट भ्याली स्कुलका तिजला प्रजापति र मान्उट भ्याली स्कूलकै सान्वी शाही संयुक्त रूपमा तृतीय भए ।

२५ के.जी. छात्राको कुमितेअन्तर्गत बासु मा.वि.का अपेक्षा तामाङ प्रथम, कमलविनायक स्कूलका ययड्रा विक द्वितीय, बाल विकास स्कूलका उत्साह सुवाल र बाल विकास स्कूलकै सुम्निमा कोण्डा संयुक्त रूपमा तृतीय भए ।

३० के.जी. छात्राको कुमितेअन्तर्गत पारागन एकेडेमीका सुयोगी गुरुङ प्रथम, माउन्ट भ्याली स्कूलका सृष्टी सुवाल द्वितीय, कमलविनायक स्कूलका छेसाङ तामाङ र कमलविनायक स्कूलकै सुज्याना बज्राचार्य संयुक्त रूपमा तृतीय भए ।

३५ के.जी. छात्राको कुमितेअन्तर्गत डेमोस स्कूलका सुजिता तामाङ प्रथम, वागीश्वरी मा.वि.का बविशा फैजु द्वितीय, माउन्ट भ्याली स्कूलका निभा रन्जितकार र साइनीङ स्टुडेन्ट स्कूलका शिवानी शाह संयुक्त रूपमा तृतीय भए ।

४० के.जी. छात्राको कुमितेअन्तर्गत डेमोस स्कूलका अस्मिता तामाङ प्रथम, बागीश्वरी मा.वि.का रुविना सुलु द्वितीय, डेमोस स्कूलका इशु तामाङ र माउन्ट भ्याली स्कूलका सुवि ह्योंगोजू संयुक्त रूपमा तृतीय भए ।

४५ के.जी. छात्राको कुमितेअन्तर्गत शारदा मा.वि.का सदीक्षा थापामगर प्रथम, बासु मा.वि.का इभा कोण्डा द्वितीय, एभरेस्ट स्कूलका सनिशा बखाद्यो र होली गार्डेन स्कूलका जेनिशा श्रेष्ठ संयुक्त रूपमा तृतीय भए ।

५० के.जी. छात्राको कुमितेअन्तर्गत वागीश्वरी मा.वि.का आहाना बस्नेत प्रथम, महेन्द्र विद्याश्रम स्कूलका भन्जोन छोकिया लामा द्वितीय, हिमालयन ई. स्कूलका इशा तामाङ र ख्वप्रिङ एकेडेमी स्कूलका सलिना कासिछ्वा संयुक्त रूपमा तृतीय भए ।

खुला महिला कुमिते इभेन्टअन्तर्गत शारदा मा.वि.का हर्षिका श्रेष्ठ प्रथम, वागीश्वरी मा.वि.का कृतिका तज: द्वितीय र माउन्ट भ्याली स्कूलका शर्मिला शाही र वागीश्वरी मा.वि.का स्वर्णिमा ह्यौमिखा संयुक्त रूपमा तृतीय भए ।

काटा जुनियर छात्रातर्फ एभरेस्ट स्कूलका स्वन्ती ताम्राकार प्रथम, प्रभात सेकेन्डरी स्कूलका हर्षिता दुमरु द्वितीय र बाल विकास स्कूलका उत्साह सुवाल र डेमोस स्कूलका इशु तामाङ संयुक्त रूपमा तृतीय भए ।

काटा सिनियर छात्रातर्फ ख्वप माविका पायल ग्वाछा प्रथम, हिमालयन ई. सेकेन्डरी स्कूलका इशा तामाङ द्वितीय र वागीश्वरी माविका सोनिया ह्योंमिखा र डेमोस स्कूलका सुजिता तामाङ संयुक्त रूपमा तृतीय भए ।

पोर्टबल पहिलो चरणका खेलहरू सम्पन्न

भनपा ३ को श्री पद्म माविमा भएको छात्रा पोर्टबल प्रतियोगितामा बालसेवक आविलाई हराउँदै अक्फोर्ट ई. स्कूल दोस्रो चरणमा प्रवेश गर्न सफल भएको छ । त्यस्तैगरी गणेश माविलाई बासु माविले, वागीश्वरी माविलाई तारा माविले, विद्यार्थी निकेतनलाई श्री पद्म माविले श्री समाज सुधार माविलाई ब्राइटस्टार स्कूल, एभरेस्ट स्कूललाई बाल विकास स्कूलले हराउँदै दोस्रो चरणमा प्रवेश गरेका छन् ।

भनपा वडा नं. २ का वडा सदस्य श्यामसुन्दर मातांका अनुसार छात्रा पोर्टबलको दोस्रो चरणका खेलहरू आइतबार हुनेछ ।

कबड्डी प्रतियोगिताको फाइनल आज

भनपा ४, भेलुखेलमा सम्पन्न कबड्डी प्रतियोगिताको छात्रतर्फको लीग खेलमा मिनर्वा स्कूललाई पारागन स्कूल २५-५० अङ्कले विजय हुन सफल भयो । त्यस्तैगरी वागीश्वरी मावि र ख्वप्रिङ स्कूलबिच भएको खेलमा ३६-३९ अङ्कले ख्वप्रिङ विजय भयो । मिनर्वा स्कूल र वागीश्वरी माविबिच भएको खेलमा मिनर्वा ५५-४० अङ्कले विजय भयो । त्यस्तै पारागन स्कूल र ख्वप्रिङ स्कूलको खेलमा पारागन ४७-२५ अङ्कले विजय भयो । मिनर्वा र ख्वप्रिङबिचको खेलमा ५१-३७ अङ्कले ख्वप्रिङ विजय भयो । पारागन र वागीश्वरीको खेलमा पारागन ४०-१६ अङ्कले विजय भयो ।

त्यस्तैगरी छात्रा कबड्डीमा पारागन स्कूल र साइनिङ स्टुडेन्टबिच भएको लीग खेलमा ३१-११ ले साइनिङ विजय भयो । पारागन र मिनर्वाबिचको खेलमा ३७-३५ अङ्कले मिनर्वा विजय भयो ।

भक्तपुर नगरपालिका ४ वडा खेलकुद समितिका अध्यक्ष पशुपति प्रजापतिका अनुसार छात्र/छात्रा कबड्डी प्रतियोगिताका फाइनल खेलहरू आइतबार बिहान ११ बजे हुनेछ ।



भक्तपुर नगरपालिका वडा नं. १ वडाध्यक्ष श्यामकृष्ण खत्रीले साइनिङ स्टुडेन्ट एकेडेमीका फूटबल खेलाडी विवश तामाङलाई म्यान अफ द म्याच ट्रफी वितरण गर्दै ।

भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकूद प्रतियोगिताको तेस्रो दिन
२०८३ मंसिर ५ गते सम्मको पदक तालिका
उसु, कराते, जिम्नाष्टिक, तेक्वान्डो र चेसका सम्पूर्ण इभेन्टहरूको मेडलहरू समावेश गरिएको

सिनं.	विद्यालयको नाम	स्वर्ण	रजत	कास्य	जम्मा
१	मेधा मा. वि.	१५	१०	७	३२
२	ख्वप्रिङ इ. एकेडेमी	९	७	३	१९
३	वागीश्वरी मा. वि.	८	९	११	२८
४	एभरेष्ट इ. स्कुल	७	११	१८	३६
५	प्रभात इ.से.स्कुल	६	४	४	१४
६	जेन्युइन इ.से.स्कुल	५	१	६	१२
७	साइनिङ इ. एकेडेमी	४	८	११	२३
८	लनर्स एकेडेमी	४	२	४	१०
९	पद्म मा.वि.	३	२	१	६
१०	पारागन एकेडेमी	३	१		४
११	माउन्ट भ्याली इ. स्कुल	२	४	१०	१६
१२	सैनिक आवासिय महाविद्यालय	२	३	६	११
१३	हिमालयन इ.से.स्कुल	२	२	५	९
१४	शारदा मा.वि.	२	२	१	५
१५	बासु मा.वि.	२	१	४	७
१६	डेमोस इ. स्कुल	२		३	५
१७	आदर्श आजाद मा.वि.	२			२
१८	बाल विकास इ.से.स्कुल	१	६	१०	१७
१९	मिनर्वा इ.स्कुल	१	४	५	१०
२०	सेकरिड हार्ट एकेडेमी	१	१	४	६
२१	केयर किन्डर वल्ड	१	१	२	४
२२	सुर्यबिनायक इ.से.स्कुल	१	१	१	३
२३	ज्ञानतारा इ.स्कुल	१	१		२
२४	गणेश मा.वि.	१		४	५
२५	होली गार्डेन इ.स्कुल	१		१	२
२६	नवीन आ. वि.	१		१	२
२७	प्रोक्सिमा इ.एकेडेमी	१		१	२
२८	गोल्डेन गेट इ.से.स्कुल	१			१
२९	जेसिस इ.से.स्कुल	१			१
३०	ख्वप मा.वि.	१			१
३१	मनकामना इ.स्कुल	१			१
३२	सनसाइन नेसनल स्कुल	१			१
३३	ग्लिटर फ्युचर इ.स्कुल		२		२
३४	कमलबिनायक किन्डरगार्टन		१	३	४
३५	लिशा इ.से.स्कुल		१	१	२
३६	महेन्द्र विद्या आश्रम		१	१	२
३७	सेरफ वल्ड प्रिस्कुल		१	१	२
३८	विद्यार्थी निकेतन मा.वि.		१	१	२
३९	ब्राइट स्टार इ.स्कुल		१		१
४०	न्यातापोल से.स्कुल		१		१
४१	लिटल वल्ड इ.स्कुल			२	२
४२	प्रोवेश एकेडेमी			२	२
४३	विद्या आर्जन से.स्कुल			२	२
४४	भक्तपुर मोडर्न इ.से.स्कुल			१	१
४५	ग्लोबल लाइफ स्कुल			१	१
४६	निकोल्सन इ.से.स्कुल			१	१
४७	सरस्वती विद्यागृह			१	१
४८	सुर्योदय से.स्कुल			१	१
४९	वाइज ल्याण्ड से.स्कुल			१	१

शुभेच्छा साकोसको भवन शिलान्यास

भक्तपुर, ५ मङ्सिर । शुभेच्छा बचत तथा ऋण सहकारी संस्था लि.को भवनको शिलान्यास संस्थाका पूर्वअध्यक्ष एवं कोषाध्यक्ष पुरुषोत्तम ग्वाछाले शनिबार गर्नुभयो ।

कार्यक्रम संस्थाका अध्यक्ष विश्वराम लवजुको सभापतित्वमा भएको थियो ।

कार्यक्रममा संस्थाका सल्लाहकार पुण्यराम सुवालले संस्थामा रहेका सञ्चालक समितिका पदाधिकारी, समिति-उपसमितिका पदाधिकारीहरू इमानदार रहेको कारणले नै संस्थाको भवन निर्माण कार्य अगाडि बढाउन सफल भएको जानकारी गराउनुभयो ।

कार्यक्रममा नारी सेवा साकोसका अध्यक्ष सहना पसखलले सञ्चालक समिति, उपसमितिका पदाधिकारीहरू इमानदार भए मात्र संस्था अगाडि बढाउन समस्या नहुने बताउनुभयो ।

जिल्ला बचत सङ्घ भक्तपुरका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण ध्वजूले भवनको बाहिरी स्ट्रक्चरको डिजाइन मात्र गरेर पुग्दैन भित्री स्ट्रक्चरको पनि डिजाइन सुरुमै गरेर भवन निर्माण अगाडि बढाउन सुझाव दिनुभयो ।

संस्थाका अध्यक्ष एवं कार्यक्रमका सभापति विश्वराम लवजुले संस्थाले आफ्नै नाममा अग्रजहरूले २०७१ सालमा ३ आना जग्गा खरिद गरेको र सो जग्गामा हाल भवन निर्माण गर्न शिलान्यास गर्न सफल भएको बताउनुभयो ।

उहाँले भवन निर्माण सम्पन्न गर्न सबैको साथ र सहयोगको अपेक्षा राख्दै उहाँले इमानदारीपूर्वक र पारदर्शीताका साथ काम गर्ने बताउनुभयो ।

संस्थाका सचिव प्रेमकुमार हालेयो जोशीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो भने कोषाध्यक्ष पुरुषोत्तम ग्वाछाले संस्थाबारे जानकारी गराउनुभयो ।

संस्थाका सञ्चालक सदस्य गणेश त्यातले स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा संस्थाका पदाधिकारी तथा शेयर सदस्यहरूले भवन निर्माण गर्न सहयोग गर्ने घोषणा गरेका थिए ।



मनाङका चौरी

मनाङ डिस्याङ गाउँपालिका-६ मनाङ गाउँमा झारिएका चौरी गाई गाउँबाट बेसिखर्कको चरन क्षेत्र स्याकुङतिर लगिँदै । *तस्बिर : नवीन लामिछाने/रासस*

सुकुन्दा साकोसको १९ औँ वार्षिक साधारणसभा

भक्तपुर, ५ मङसिर । सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १९ औँ वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष राजभाइ माकको सभापतित्वमा सम्पन्न सभाको उद्घाटन भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले गर्नुभएको थियो ।

कार्यक्रममा अतिथि वडाध्यक्ष कवांले सहकारी संस्थाको विकासले मात्र



देशको समग्र आर्थिक समस्या समाधान नहुने बताउनुभयो । उहाँले देशमा ठुलो परिमाणमा रेमिट्यान्स भित्रिए पनि सहकारीमा सङ्कलित पुँजी उत्पादनमूलक क्षेत्रमा परिचालन हुन नसकेको बताउनुभयो । युवाहरू रोजगारीका लागि विदेश पलायन भइरहेकोमा चिन्ता व्यक्त गर्दै उहाँले उद्योग तथा व्यवसाय प्रवर्द्धनमा राज्यले पर्याप्त ध्यान दिन नसकेको टिप्पणी गर्नुभयो ।

पुँजीवादी व्यवस्थाका कारण विश्वमा समय-समयमा आर्थिक सङ्कट उत्पन्न हुने गरेको उल्लेख गर्दै उहाँले उत्पादन वृद्धि र आर्थिक गतिविधिमा तीव्रता नल्याएसम्म देशको विकास सम्भव नहुने बताउनुभयो । आर्थिक विकाससँगै राजनीतिक चेतना र आर्थिक अनुशासन पनि आवश्यक रहेको उहाँको भनाइ थियो । सहकारीलाई सही दिशामा अगाडि बढाउन सदस्यहरूको सक्रिय भूमिका महत्त्वपूर्ण हुने उल्लेख गर्दै उहाँले साधारण सभालाई भत्ता लिने औपचारिकतामा मात्र सीमित नगरी संस्थाको आर्थिक तथा सामाजिक विकासबारे गम्भीर छलफल गर्ने अवसरको रूपमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घकी प्रतिनिधि चन्डिका छुकांले सहकारी संस्था बचत तथा ऋणको कारोबार गर्ने माध्यम मात्र नभई सामाजिक क्षेत्रमा योगदान पुऱ्याउने संस्था भएको बताउनुभयो । उहाँले साधारणसभामार्फत सदस्यहरूले संस्थाको वास्तविक आर्थिक अवस्था र गतिविधिबारे जानकारी लिनुपर्ने बताउनुभयो ।

संस्थाका सल्लाहकार नाति कवांले युवाहरू बिदेसिने क्रम बढ्दा स्वदेशमा वृद्धवृद्धा मात्र रहने अवस्था सिर्जना भइरहेको बताउनुभयो । आफूसँग भएको पुँजी घरजग्गामा मात्र लगानी नगरी कृषि तथा उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नुपर्ने उहाँको सुझाव थियो ।

अर्का सल्लाहकार विश्वराम कवांले वि.सं. २०१३ सालमा चितवनको बखानपुरबाट सुरु भएको नेपालको सहकारी अभियानले सात दशक पार गरिसक्दा पनि बढी ब्याज र रोजगारीको प्रलोभनमा सर्वसाधारण ठगिने क्रम नरोकिएको बताउनुभयो ।

सुकुन्दा साकोस समुदायमा आधारित संस्था भएकोले सदस्य तथा समुदायको आर्थिक उन्नतिका लागि निरन्तर क्रियाशील हुनुपर्ने उहाँले बताउनुभयो ।

सभामा सल्लाहकार विष्णुभक्त मारिखुलगायत विभिन्न मित्र सहकारी संस्थाका प्रतिनिधिहरूले पनि शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सभामा संस्थाका सचिव सूर्यराम त्वानाबासुले आर्थिक वर्ष २०८२/८३ को प्रगति प्रतिवेदन प्रस्तुत गर्दै संस्थामा हाल २ हजार ६५ जना सदस्य आबद्ध रहेको जानकारी दिनुभयो । उहाँका अनुसार संस्थाको कुल सम्पत्ति तथा दायित्व ४३ करोड ९६ लाख ३० हजार ५३७ रुपैयाँ १ पैसा रहेको छ ।

कोषाध्यक्ष श्रीकृष्ण गोसाईले आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाले २८ करोड ९८ लाख ८८ हजार ४९६ रुपैयाँ ६६ पैसा ऋण प्रवाह गरेको र सदस्यहरूबाट ६२ करोड ९६ लाख २१ हजार ५७३ रुपैयाँ ९२ पैसा बचत तथा निक्षेप सङ्कलन गरेको जानकारी दिनुभयो । लेखा सुपरिवेक्षण समितिका संयोजक श्यामप्रसाद कोजूले संस्थाको तुलनात्मक प्रगति विवरण प्रस्तुत गर्दै अघिल्लो अवस्थाको तुलनामा संस्थाले समग्रमा २४ दशमलव ५३ प्रतिशत प्रगति हासिल गरेको बताउनुभयो ।

'आर्थिक स्वतन्त्रता र विकासका लागि सहकारिता' भन्ने मूल नाराका साथ वि.सं. २०६४ साल कार्तिक ३० गते संस्थापक अध्यक्ष कान्छा कासिछ्वाको नेतृत्वमा २५ जना सदस्यबाट सुकुन्दा बचत तथा ऋण सहकारी संस्था स्थापना भएको थियो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष केशव कवांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने सञ्चालक समिति सदस्य निर्जला प्रजापतिले धन्यवाद ज्ञापन गर्नुभएको थियो । कार्यक्रमको सञ्चालन संस्थाका व्यवस्थापक सानुकाजी चिकंबन्जारले गर्नुभएको थियो ।

हार्दिक समवेदना



यस संस्थाका सदस्यता नं. ११९७ का सदस्य **बलराम गाईजु**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा)को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म : २०१७/०४/१०
निधन: २०८३/०७/३०

श्वेत भैरव बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-८, जेँला, भक्तपुर

बेखाल साकोसको १९औँ वार्षिक साधारणसभा

भक्तपुर, ५ मङ्सिर । बेखाल बचत तथा ऋण सहकारी संस्था लि.को १९ औँ वार्षिक साधारणसभा भक्तपुरको कमलविनायकमा सम्पन्न भएको छ ।

कार्यक्रममा बाग्मती प्रदेश बचत तथा ऋण सहकारी सङ्घ लि.का सञ्चालक समिति सदस्य कृष्णगोविन्द लाखाजुले सहकारी क्षेत्रमा लागू गरिएको एक व्यक्ति एक सहकारी सदस्यतासम्बन्धी व्यवस्थाबारे चर्चा गर्दै उक्त व्यवस्थाको संशोधनका लागि आफूहरूले निरन्तर पहल गरिरहेको बताउनुभयो । उहाँले सहकारीका शेयर सदस्यहरू एकभन्दा बढी सहकारीमा सदस्य भई ऋण कारोबार गर्दैमा सहकारी संस्था नबिग्रने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले वडाका गतिविधिबारे जानकारी दिँदै भक्तपुर नगरपालिकाले नागरिकलाई नि:शुल्क अक्सिजन तथा रगत उपलब्ध गराउँदै आएको बताउनुभयो । उहाँले शेयर सदस्यहरूले आफ्नै वडामा सञ्चालित सहकारी संस्थामा बचत गर्दा आफ्नो बचत सुरक्षित हुने उल्लेख गर्दै बजारमा सञ्चालित असुरक्षित सहकारीको लहलहैमा लागेर बचत गर्दा बचत डुब्न सक्ने भएकोले सचेत रहन आग्रह गर्नुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का सञ्चालक समिति सदस्य राजकुमार लघुले साधारणसभामा संस्थाका प्रतिवेदन सुन्ने र प्रतिवेदनमा उल्लेखित विषयमाथि छलफल गर्दा संस्थाको वास्तविक अवस्था ऐनाजस्तै छर्लङ्ग हुने बताउनुभयो । उहाँले जिल्ला बचत सङ्घले प्रारम्भिक सहकारी संस्थाहरूका लागि विभिन्न शिक्षा तथा तालिम कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

संस्थाका सल्लाहकार रामभक्त अवाल र राम अवालले संस्थाको विकासका लागि विभिन्न सल्लाह तथा सुझाव दिनुभएको थियो ।

साधारणसभाको अवसरमा प्रमुख अतिथि कृष्णगोविन्द लाखाजुले ज्येष्ठ नागरिक, असल बचतकर्ता तथा असल ऋणीहरूलाई सम्मान गर्नुभएको थियो । भक्तपुर नगरपालिका वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले एसईई उत्तीर्ण शेयर सदस्यहरूलाई सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा संस्थाका सचिव सुरेन्द्र राजचलले वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष सजना चित्रकारले आर्थिक प्रतिवेदन र लेखा सुपरिवेक्षण समिति संयोजक सञ्जय शाक्यले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सभामा प्रस्तुत गर्नुभएको थियो । सभाले प्रतिवेदनहरू सर्वसम्मतिले पारित गरेको छ ।

नयाँ नेतृत्व चयन गर्दै महिला सहकारीको साधारणसभा सम्पन्न

भक्तपुर, ५ मङ्सिर । भक्तपुर महिला बचत तथा ऋण सहकारी संस्था लि. को २४ औँ वार्षिक साधारणसभा नयाँ सञ्चालक समिति निर्वाचित गर्दै शनिबार सम्पन्न भयो ।

साधारणसभाको उद्घाटन गर्दै भक्तपुर नगरपालिका-९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले सहकारीको विकासले समुदायलाई समृद्ध बनाउन सहयोग पुग्ने बताउनुभयो । उहाँले आफ्ना छोराछोरी तथा भाइबहिनी के गरिरहेका छन् र कस्तो सङ्गतमा छन् भन्ने विषयमा प्रत्येक अभिभावकले ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा स्रोतव्यक्ति तथा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष हरि बल्लले सहकारीलाई 'तिम्रो वा मेरो होइन, हाम्रो' भन्ने भावनाका साथ सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

संस्थाका कानुनी सल्लाहकार अधिवक्ता विकल प्रजापतिले महिलाद्वारा सञ्चालित संस्थाले महिलाको सीप विकास र स्वरोजगारीका लागि विभिन्न गतिविधि सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

संस्थाका अध्यक्ष कृष्णश्वरी मचामसीको सभापतित्वमा सम्पन्न सभाले मीना नकर्मीको अध्यक्षतामा नयाँ सञ्चालक समिति निर्विरोध निर्वाचित गरेको घोषणा गऱ्यो ।

साधारणसभामा प्रमुख अतिथिबाट ज्येष्ठ सदस्यहरूलाई सम्मान तथा एसईई उत्तीर्ण बाल बचतकर्तालाई उपहार प्रदान गरिएको थियो । कार्यक्रममा निर्मला प्रजापति, सुनिता दुवाल र मीना प्रजापतिले पनि बोल्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा निर्वाचन समितिका संयोजक रामेश्वरी दुवाल, अधिवक्ता विकल प्रजापति र निवर्तमान अध्यक्ष कृष्णश्वरी मचामसीले नवनिर्वाचित पदाधिकारीहरूलाई माला तथा खादा लगाएर प्रमाणपत्रसहित बधाई तथा शुभकामना दिनुभएको थियो ।

कार्की...

कष्टकर समयबाट गुज्रिरहेको समयमा सेनाबाट शान्ति सुरक्षा स्थापनामा ठुलो सहयोग पुग्ने जनअपेक्षा थियो । तर, सेनाबाट समयमै सहयोग प्राप्त नहुँदा देशले ठुलो क्षति व्यहोर्नुपऱ्यो ।

सुरक्षा नीति २०७३ को दफा २.३.२.४ मा सेनाले गर्नुपर्ने कार्यहरूमध्ये आवश्यकताअनुसार महत्त्वपूर्ण र संवेदनशील स्थानहरूको सुरक्षा गर्ने भनी स्पष्ट पारेको छ । सिंहदरबार र राष्ट्रपति भवन महत्त्वपूर्ण र संवेदनशील स्थान हुन् । यिनको सुरक्षा गर्न सेना तैनाथ गरिएको छ । २४ गतेको घटनामा सेनाले ती महत्त्वपूर्ण स्थानलगायत अन्य महत्त्वपूर्ण सरकारी संरचनाहरूको सुरक्षा गर्न नसकेको देखिन्छ ।

स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (२) ले प्रमुख जिल्ला अधिकारीलाई आफ्नो कार्यक्षेत्रभित्र कुनै हिंसात्मक कार्य वा हुलदङ्गा हुने आशङ्का भएमा graduated process अपनाई रोक्न प्रयास गर्नुपर्छ । त्यसका लागि प्रहरी परिचालन गर्न सकिन्छ । स्थिति बिग्रिँदै गए सम्झाइबुझाइ गर्ने, नसके अश्रुग्यास, फोहरा हान्ने, त्यसले पनि शान्ति कायम नभए घुँडामुनि गोली चलाउन आदेश दिन सकिन्छ । तर, गम्भीर अशान्ति भएको छ र सो रोक्न प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई लागेमा यससम्बन्धी कारण तथा आधार खुलाई निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्थाअनुसार नेपाली सेनाको मद्दत माग्न सक्ने व्यवस्था गरेको छ । यसले स्थानीय प्रशासन ऐन को दफा ६ (२) दङ्गाग्रस्त क्षेत्रमा प्रहरी र सशस्त्र प्रहरीले शान्ति स्थापना गर्न नसक्ने भएमा "सेनाको सहयोग लिन सक्ने" भन्ने व्यवस्थाले कुन हदसम्म सेनाको संलग्नता सुनिस्थित गर्छ भन्ने प्रष्ट हुन नसकेको देखिन्छ । तर, दङ्गाग्रस्त क्षेत्र भने घोषणा गरिएको थिएन ।

संवैधानिक व्यवस्थाअनुसार आर्मीलाई सङ्कटकालमा मात्र प्रयोग गर्न सकिन्छ । तर, स्थानीय प्रशासन ऐनमा नेपाली सेनाको सहयोग लिनसक्ने प्रावधानले सेनाको भूमिका खुकुलो गरेको देखिन्छ । यो व्यवस्था संविधानमा गरिएको व्यवस्थाको पूरक छ अथवा संविधानको भावना विपरीत छ भन्ने स्पष्ट गरिनु जरुरी छ । यसका लागि ऐनमा संशोधन गर्न जरुरी छ ।

त्यस्तै सैनिक ऐनको दफा ६(३) क मा नेपालको संविधानमा उल्लिखित कामको अतिरिक्त राष्ट्रिय सुरक्षा परिषद्को काम कर्तव्य तथा अधिकारअन्तर्गत नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोगमा सम्बन्धित नीति, योजना, तथा कार्यक्रम तयार गरी नेपाल सरकार समक्ष पेश गर्ने व्यवस्था गरिएको छ । सैनिक ऐनको यही व्यवस्थाअनुसार परिषद्ले राष्ट्रिय सुरक्षा नीति २०७३ बनाई कार्यान्वयन गरेको छ । उक्त सुरक्षा नीति २०७३ को दफा ३.३.२.१ मा स्थानीय प्रशासनको नियन्त्रण भन्दाबाहिरको परिस्थिति उत्पन्न भएमा आन्तरिक सुरक्षाकायम गर्न सहयोग गर्ने भन्ने उल्लेख गरिएको छ । तर, यस निर्देशिकामा पनि सैनिकले गर्ने सहयोगको स्वरुप कस्तो हुने भन्ने स्पष्ट छैन ।

। सम्पादकीय ।

रास्वपा सरकार प्रमुखलाई भारतमा 'रातो कार्पेट' को अर्थ के होला ?

नेपालका सरकार प्रमुखहरूका भारत भ्रमणमा सधैं नेपालको हितविपरीत सन्धि-सम्झौता भइरहेका छन् । बहुदलीय व्यवस्था पुन:स्थापनायता भारत भ्रमण गएका नेपालका सरकार प्रमुखहरूले नेपालका नदीनाला भारतको साझा बनाउनेलगायत टनकपुर समझदारी, महाकाली सन्धि, अरूण तेस्रो, माथिल्लो कर्णाली, मुगु कर्णाली, चिसापानी कर्णाली आदि नेपालको हितविपरीत सन्धि-सम्झौता गरेका थिए । नेका, एमाले, माओवादी, राप्रपाको तर्फबाट सरकार प्रमुख भएकाहरू सबै यी देशघाती सन्धि-सम्झौताका दोषी हुन् । नेकाका सरकार प्रमुख शेरबहादुर देउवा २०५२ माघ २८ गते भारत पुगेर महाकाली सन्धि गरी २०५२ फागुन ५ गते नेपाल फर्केका थिए । त्यहीबेला भारतीय आश्रयमा बसेका पुष्पकमल दाहाल र बाबुराम भट्टराई नेतृत्वको माओवादीले २०५२ फागुन १ गतेदेखि सशस्त्र द्वन्द्व सुरू गरेको थियो ।

रास्वपा सरकार प्रमुखको मङ्सिर ६ र ७ गते भारत भ्रमण हुँदै छ । महाकाली सन्धिमा ६ महिनाभित्र पञ्चेश्वर परियोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र आधा आधा लगानी गर्ने उल्लेख गरिएको छ । खर्बौं खर्ब रुपैयाँ लगानी हुने यो परियोजनामा आधा लगानी गर्न तत्काल रास्वपा सरकार सक्षम छैन । आधा लगानी हुन नसकेपछि पञ्चेश्वर स्वत: भारतको कब्जामा दिने रास्वपा सरकारको तयारी हुनुपर्दछ । आजसम्मका सरकारहरूले भारतसँगको जलविद्युत् उत्पादन परियोजनाको नाममा नेपालको नदी नाला भारतीय एकाधिकार पुँजीलाई दिँदै आएका छन् ।

जलविद्युत् उत्पादनलाई भन्दा पनि भारत नेपालको जल सम्पदा कब्जा गर्दै छ । नेपालका प्रशासकहरू सिँचाइ र नदी नियन्त्रणको लाभ नेपाललाई आवश्यक नरहेको दाबी गर्छन् । यो दाबी नेपालको हितविपरीत हो । रास्वपा सरकार प्रमुख यही दाबी बोकेर भारत भ्रमण गर्दै छन् । संसारका धेरै सन्धि-सम्झौतामा जल उपयोग लाभबारे पनि उल्लेख छ । नेपालले आफ्ना नदी-नालाबाट जल उपयोगको लाभ उठाउनु आवश्यक छ । नेपालको भूमि वा सीमा नजिक बनाएका बाँधहरूको कारण नेपाली भूमि जलमग्न हुने विषयमा रास्वपा सरकारले आँखा चिम्लनु पुराना सरकारको निरन्तरता हो । महाकाली सन्धिमा नेपालमा उपयोग गरी बढी भएको बिजुली भारतले किन्ने उल्लेख छ तर यतिबेला रास्वपा सरकार भारतसँग विद्युत् खरिद सुनिश्चित गर्दै छ । नेपालको नदी नाला भारतलाई दिएपछि नेपालले भारतसँग बिजुली किन्नुबाहेक बेच्न कसरी सक्छ ?

रास्वपा सरकारले भारत भ्रमणमा नेपालको जग्गा सुस्ता, कालापानी, लिम्पियाधुरा, लिपुलेकलगायत ७१ भन्दा बढी स्थानमा भारतले मिचेको उठाउने साहस नगर्नु अर्को देशघात हो । नेपाली युवालाई भाडाको सिपाही बनाउने सन् १९४७ को गोर्खा भर्ती खारेज गराउने विषय उठ्ने त धेरै परको भयो । भारतले नेपाली भूमि गुञ्जीदेखि लिपुभङ्ज्याङसम्म मिचेर सडक बनाएको विषय रास्वपाले उठाउन नसक्ने भए भ्रमणको औचित्य कसरी होला ? रास्वपाले सीधै भारतलाई नेपाली भूमि कालापानीबाट भारतीय सेना फिर्ता लानू भन्न सक्नुपर्दछ । नेपालको नदी-नाला कब्जा गर्ने र नेपाली भूमि अतिक्रमण गर्ने भारतीय शासकवर्गले 'भारत नेपालको प्रमुख विकास साझेदार' र 'छिमेकी पहिलो' नीतिअनुसार नेपाललाई उच्च महत्त्व दिएको बताएको तर्फ रास्वपा सरकार फसेको गलत हो ।

रास्वपा सरकारले भारतसँग समुद्रसम्म पुग्ने नजिक पारवहन अधिकारको लागि आवाज राख्नु जरूरी छ । भारतले रास्वपा सरकार प्रमुखलाई 'राजकीय भ्रमण' को दर्जा दिएको भनी चास्नी पोतेको गोलीमा फसाउँदै छ । मोदीले धेरै अगाडि नै नेपालमा हिन्दू समर्थक सरकार गठन गराउने तयारी गरेको थियो । गत वर्ष भदौ २३ र २४ गतेको निहत्था जनताको हत्या र देशभरि आगजनीपछि भारतको सो लक्ष्य पूरा भएको त होइन ? यो प्रश्नको जवाफमा नेपाली जनता सचेत हुनु आवश्यक छ ।

भारतको भ्रमण टोली सानो बनाउने दाबी गरेको रास्वपा सरकारले ३५ सदस्यीय प्रतिनिधि मण्डल तय गऱ्यो । निजी क्षेत्र र पत्रकारहरू थप १०० जना पनि दिल्ली पुग्ने बाहिरियो । यसरी रास्वपा सरकारको भारत भ्रमण परम्परागत नै साबित हुँदै छ ।

चीनको आधुनिकीकरण पश्चिमा एकल मोडेलभन्दा भिन्न

✍ ग्लोबल टाइम्स

हरेक राष्ट्र आधुनिकीकरण चाहन्छ । लामो समयको लागि पश्चिमले आफैलाई अग्रगामीको रूपमा देख्यो; विश्वस्त भयो कि यसको मार्ग विश्वव्यापी मोडेल हो । तर, जब चीनले पश्चिमी औद्योगिक शक्तिहरूलाई शताब्दीयौँसम्म लगाएर गरेको विकास केही दशकमा हासिल गऱ्यो; केही पश्चिमी सम्भ्रान्तहरू असहज भए । सुरुमा, तिनीहरूले चीनको प्रगतिलाई मान्न अस्वीकार गरे । त्यसपछि, जब चीनका उपलब्धिहरूलाई बेवास्ता गर्न असम्भव भयो तिनीहरूले एउटा भारी प्रश्न उठाए : चिनियाँ आधुनिकीकरणको 'लागत' के हो र कसले तिर्छ ?



निहितार्थ स्पष्ट छ : चीनको उदय अरू कसैको खर्चमा आएको हुनुपर्छ - एक बेतुका दाबी जुन नजिकबाट हेर्न योग्य छ ।

'लागत' प्रश्नको पछाडि शून्य-योग दृष्टि

धेरै तरिकामा, पश्चिमको 'चीन लागत सिद्धान्त' ले आधुनिकीकरणको आफ्नै अनुभवलाई प्रतिबिम्बित गर्दछ । पश्चिमी औद्योगिकीकरण दासप्रथा, औपनिवेशिक लुट, प्रभुत्वको लागि युद्ध र गम्भीर वातावरणीय क्षतिको साथ थियो । यी अनुभवहरूले सामूहिक स्मृतिलाई आकार दिए जसमा आधुनिकीकरणलाई विजय, निकासी र अन्य देशहरूको बलिदानको प्रक्रियाको रूपमा हेरिएको थियो । यस परिप्रेक्ष्यमा एउटा देशको उदय भनेको अर्को देशको पतन हो ।

विडम्बना यो हो कि पश्चिमी इतिहासबाट व्युत्पन्न यो तर्क, पश्चिमद्वारा चीनमा प्रक्षेपण गरिएको छ, जसले नैतिक उच्च माटोमा राख्छ, चीनले आफ्नो विकासको निर्णयबाट मुक्त छ भनी मान्दै आफ्नो उदयको लागि 'जवाफ' माग गर्दछ ।

'कसले तिर्छ' भन्ने प्रश्न आत्म-धर्मी अहङ्कारको सङ्केत मात्र होइन । यसले गहिरो चिन्ता पनि झल्काउँछ । यदि चीनको मोडेल प्रभावकारी साबित भयो भने पश्चिमले लामो समयदेखि विश्वव्यापी मूल्य र आधुनिकीकरण र शासनको अन्तिम मोडेलको रूपमा दाबी गर्दै आएको कुरा निकै कमजोर हुनेछ ।

चीनको जवाफ : तथ्य, आत्मविश्वास र स्पष्टता

विदेशी मोडेलको मनपरी नक्कल गर्नुको सट्टा, चीनले आधुनिकीकरणको लागि आफ्नै बाटो बनाएको छ - जुन अरूलाई लुट्ने, घरेलु समस्याहरू निर्यात गर्ने वा हस्तान्तरणको पर्खाइमा भर पर्दैन । यो चिनियाँ जनताको पुस्ताको कडा परिश्रम र दृढ सङ्कल्पको परिणाम हो । लुकाउनको निम्ति केही छैन र डराउनको निम्ति केही छैन ।

विकासले लागत समावेश गर्दछ । तर, चीनको लागत अरूको खर्चमा वहन हुँदैन । तिनीहरू औद्योगिक स्तरोन्नति, पारिस्थितिक पुनर्स्थापना, संरक्षण र तल्लो तहको शासनको कडा कामका पीडाहरू हुन् । ती अर्थतन्त्र परिवर्तन गर्ने, जनताको जीवनस्तरमा सुधार गर्ने र अन्य देशको त्याग गर्ने पुरानो बाटो नआउने दीर्घकालीन विकासको लागत हो ।

हरित, उच्च गुणस्तरीय विकासको खोजीमा चीनले प्रदूषण र कम दक्षताको औद्योगिक क्षमतालाई चरणबद्ध रूपमा हटाएको छ । ढिलो वृद्धि र जागिर स्थानान्तरणको दबाब सामना गर्ने स्रोत-आधारित सहरहरूमा, कामदारहरूले पुन: तालिम र आधारभूत बेरोजगारी समर्थन प्राप्त गर्छन् । त्यो प्रक्रियामा, सरकार र उद्यमदेखि कामदारसम्म सबै सरोकारवालाहरूले सङ्क्रमणको बोझ साझा गरेका छन् । लाखौँ आप्रवासी कामदारहरूले सहरहरू निर्माण गर्न मद्दत गर्न आफ्नो गृहनगर छोडेका छन् । प्राविधिक व्यवसायीहरू उद्योगको अग्रपङ्क्तिमा गएका छन् । धेरै अधिकारी र जनसेवकहरूले दुर्गम र अप्ठ्यारो क्षेत्रमा विकासको खाडललाई कम गर्न काम गरेका छन् ।

जब आर्थिक वृद्धि खाद्य सुरक्षा वा पारिस्थितिक संरक्षणसँग द्वन्द्व हुन्छ, चीनले जीडीपीको तथ्याङ्कले मात्र सफलताको मूल्याङ्कन गर्दैन । यसले १.८ बिलियन मू (लगभग १२० मिलियन हेक्टर) खेतीयोग्य भूमिको रातो रेखा राखेको छ, पारिस्थितिक सुरक्षालाई बलियो बनाएको छ र दीर्घकालीन राष्ट्रिय विकासको लागि बलियो आधार निर्माण गरेको छ ।

आधुनिकीकरण जनताको खुसीद्वारा मापन

चिनियाँ आधुनिकीकरणले पश्चिमी चुनावी राजनीतिभन्दा फरक शासनको प्रतिनिधित्व गर्दछ । यसलाई पुँजीगत प्रतिफल वा स्टक बजार सूचकाङ्कले मापन गर्दैन । मानिसहरूलाई अगाडि र केन्द्रमा राखेर, यो सबै सामान्य घरपरिवारले सुरक्षित, स्वस्थ र सुखी जीवन बिताउन सक्छ कि भन्ने कुरा हो । जब चिनियाँहरू उच्च गतिका रेलहरूमा देशभर यात्रा गर्छन्, सुरक्षा चिन्ता बिना राति बाहिर निस्कन्छन्, नगदरहित भुक्तानी गर्छन् र सामुदायिक अस्पतालहरूमा सस्तो चिकित्सा सेवाहरू र छिमेकी क्यान्टिनहरूमा न्यानो खानाको द्रुत, सजिलो पहुँचको आनन्द लिन्छन्, उनीहरूले चिनियाँ आधुनिकीकरणको मूर्त फलहरू काटिरहेका छन् ।

आधुनिकीकरणको एकल मोडेलभन्दा भिन्न

चिनियाँ आधुनिकीकरणको मूल कुरा सन्तुलित विकास र साझा प्रगति हो । यसले कसैलाई धम्की दिन वा अख्तियार गर्न खोजेको छैन । यसले केवल समृद्ध जीवनको लागि जनताको बढ्दो माग पूरा गर्ने लक्ष्य राखेको छ ।

चीनको विकास मार्गले विश्वभरका धेरै मानिसहरूबाट विशेष गरी ग्लोबल साउथ (विकासशील विश्व) मा मान्यता प्राप्त गरिरहेको छ । किनभने, यसले चीनलाई आज जहाँ उभिएको छ, त्यहाँ उचालिएको मात्र होइन, यसले अन्य देशहरूलाई पनि यसको साथमा उभिन मद्दत गरिरहेको छ । चीन विश्वव्यापी वृद्धि, शान्ति र स्थायित्वमा प्रमुख योगदानकर्ता, विश्वव्यापी ऊर्जा सङ्क्रमणमा बलियो साझेदार र डिजिटल पूर्वाधारको प्रमुख प्रदायक हो, जसले विकासशील मित्र देशहरूलाई डिजिटल विकासको द्रुत ट्र्याकमा सामेल हुन सक्षम बनाउँछ ।

चीनले विश्वलाई धेरै सार्वजनिक वस्तुहरू प्रदान गर्ने क्रम जारी रहेकाले धेरै देशहरूले चीनको विकासलाई सकारात्मक रूपमा हेर्नु स्वाभाविक हो । आधुनिकीकरण कसरी हासिल गर्ने भन्ने प्रश्नको कुनै एकल वा निश्चित उत्तर छैन । चीनको विकासले ग्लोबल साउथलाई वैकल्पिक मार्ग मात्र होइन, आफ्नै सर्तमा विकासलाई अगाडि बढाउने ठुलो ठाउँ पनि प्रदान गरेको छ ।

चीन आधुनिकीकरणमा ढिलो हुनसक्छ, तर यो एक वास्तविक ट्रेलब्लेजर (मार्ग) हो । आधुनिकीकरण साझा प्रगतिको प्रक्रिया हुनुपर्दछ, प्रतिस्पर्धा होइन जसमा एक पक्षले अर्को पक्षलाई पछाडि राखेर आफ्नो नेतृत्व कायम राख्छ ।

(लेखक सिन्हुवा न्यूज, ग्लोबल टाइम्स, चाइना डेली, सीजीटीएन आदिका लागि नियमित रूपमा लेख्ने अन्तर्राष्ट्रिय मामिलाहरूमा टिप्पणीकार हुन् ।)



‘नियोजित विस्थापन’ – ट्रम्पको गाजा शान्ति योजना असफल !

● मोहम्मद मन्सुर

(संयुक्त राष्ट्रसङ्घको समर्थनमा भएको युद्धविरामको एक वर्षपछि, २० लाख प्यालेस्टिनीहरू १३० वर्ग किलोमिटरभन्दा कम क्षेत्रफलमा सीमित हुन पुगेका छन्। यसैबिच इजरायलको क्षेत्रीय विस्तार र सहायता सामग्रीमाथिको अवरोधले यो सङ्कटलाई अझ गहिरो बनाएको छ।)

गाजा द्वन्द्व अन्त्य गर्न ट्रम्प प्रशासनले ल्याएको २० बुँदे विस्तृत योजनालाई संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्ले अनुमोदन गरेको एक वर्षपछि, पाँच प्रमुख अन्तर्राष्ट्रिय सहायता संस्थाहरूको एक गठबन्धनले निकै आलोचनात्मक मूल्याङ्कन सार्वजनिक गरेको छ।

यस हप्ता इजरायली सेनाले मध्य गाजामा नयाँ स्थल आक्रमण सुरु गर्दै आफ्ना ट्याङ्कहरूलाई ‘पहेलो रेखा’ को पश्चितिर अघि बढायो र शान्ति योजनाको उल्लङ्घन गर्दै मानिसहरूलाई जबरजस्ती अन्यत्र सर्न आदेश जारी गऱ्यो। यस सन्दर्भमा, ड्यनानिस रिफ्युजी काउन्सिल, नर्वेजियन रिफ्युजी काउन्सिल, अक्सफाम, रिफ्युजीज इन्टरनेसनल र सेभ द चिल्ड्रेनले एक मानवीय स्कोरकार्ड (मूल्याङ्कन तालिका) सार्वजनिक गरेका छन्, जसले उक्त योजनालाई सम्भाव्य २६ अङ्कमध्ये जम्मा चार अङ्क मात्र दिएको छ। यस योजनाले मानवीय पहुँचको सवालमा शून्य अङ्क दियो भने नागरिक सुरक्षाका लागि एक अङ्क मात्र।

विस्तार हुँदै गरेको इजरायली सैन्य उपस्थिति

गाजा शान्ति योजनामा गाजामा भू-भाग कब्जा गर्न स्पष्ट रूपमा निषेध गरिएको छ। इजरायली सेना त्यहाँबाट फिर्ता हुनुपर्ने प्रावधान पनि राखिएको छ। तर, संयुक्त राष्ट्रसङ्घको मानवीय मामिला समन्वय कार्यालय- ओसीएचए (OCHA) का अनुसार, इजरायली सेनाको ‘पहेँलो रेखा’ अझ पश्चिमतिर सरेको छ। यसले गर्दा १३ महिनाअघि युद्धविराम सुरु हुँदा गाजाको ५८ प्रतिशत भू-भागमा रहेको इजरायली नियन्त्रण बढेर आज ६५ प्रतिशत पुगेको छ। इजरायल आफैंले भू-भागको ७० प्रतिशत हिस्सा आफ्नो नियन्त्रणमा रहेको बताएको छ; संयुक्त राष्ट्रसङ्घका एक अधिकारीले यस वर्षको जून महिनामा राष्ट्रसङ्घीय सुरक्षा परिषद्लाई यस्तो जानकारी दिएका थिए।



सङ्कुचित हुँदै गएको गाजाको नक्सा।

प्यालेस्टिनीहरूलाई पहेँलो रेखा पार गर्न अनुमति छैन। त्यसैले, गत महिना ओसीएचए (OCHA) ले जनाएअनुसार, यस विस्तारले करिब २१ लाख प्यालेस्टिनीहरूलाई जम्मा १२८ वर्ग किलोमिटर क्षेत्रभित्र सीमित गरिदिएको छ, जसको अर्थ प्रतिवर्ग किलोमिटरमा १६,००० मानिसहरू कोचिएर बस्न बाध्य छन्। हालैका विश्लेषणहरूले यो अझ सानो हुनसक्ने देखाएका छन्। अमेरिकी समाचार संस्था एनपीआरद्वारा हालै गरिएको नक्सा विश्लेषणले यो सीमित क्षेत्र अब जम्मा १०९ वर्ग किलोमिटर मात्र रहेको देखाएको छ, जसले गर्दा त्यहाँ प्रतिवर्ग किलोमिटरमा करिब १९,३०० मानिसहरूको जनघनत्व कायम हुन पुगेको छ।

‘युरो-मेडिटेरेनियन ह्युमन राइट्स मनिटर’ का संस्थापक तथा अध्यक्ष रामी अब्दुले इजरायलले बल प्रयोग गरी गैरकानुनी रूपमा भूभाग कब्जा गरिरहेको चेतावनी दिएका छन्।

गत वर्षको अक्टोबरमा ‘युद्धविराम’ घोषणा गरिएयता कम्तीमा १,६५० प्यालेस्टिनीहरू मारिएका छन् र ५,९७५ जना घाइते भएका छन; यसबाट भएको मानवीय क्षति विनाशकारी रहेको विभिन्न निकायहरूले बताएका छन्।

यसै हप्ताको सुरुमा, प्यालेस्टिनका लागि ‘विश्व खाद्य कार्यक्रम’ (WFP) का राष्ट्रिय निर्देशक शन हृयुजले पत्रकारहरूलाई भने - “जब तपाईं गाजामा हुनुहुन्छ, त्यहाँ युद्धविराम भएको जस्तो महसुस हुँदैन। गाजाको करिब ७० प्रतिशत भूभागमा इजरायली सेनाको नियन्त्रण रहेकोले त्यहाँका मानिसहरूसँग आफ्नै लागि खाद्यान्न उब्जाउने ठाउँ लगभग छैन। समुद्रमा माछा मार्न निषेध गरिएको छ र यसो गर्नु ज्यान जोखिममा पार्नुसरह हो। बेरोजगारी दर ८० प्रतिशतभन्दा बढी छ; त्यसैले मानवीय सहायताबिना, मानिसहरूसँग बाँच्नका लागि अन्य कुनै विकल्प वा उपाय लगभग छैनन्।”

ड्यानिस रिफ्युजी काउन्सिलमा मध्यपूर्व, एसिया र युरोप हेर्ने कार्यकारी निर्देशक लिलु थापाले भनिन् - “पहेँलो रेखा विस्तार हुँदै जाँदा गाजाका प्यालेस्टिनीहरू थप साँघुरो घेराभित्र सीमित हुँदै गएका छन्। यो योजनाबद्ध रूपमा गराइएको विस्थापन हो र यस्तो अवस्थालाई अनुमति दिने युद्धविराम नाम मात्रको युद्धविराम हो।”

नरसंहारका लागि एक ‘राजनीतिक ढाल’



अल जजिरालाई बताए।

अब्दुका अनुसार, अमेरिकाको अध्यक्षतामा रहेको यो बोर्ड कुनै पनि अर्थपूर्ण प्यालेस्टिनी प्रतिनिधित्वबिना नै सञ्चालन हुन्छ।

“बरु, यो वास्तवमा इजरायलको कब्जा र उसका अपराधहरूका लागि एक राजनीतिक ढाल बनेको छ। यसले अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घनका लागि राजनीतिक आवरण प्रदान गर्नुका साथै नरसंहारजन्य अवस्थाहरूलाई निरन्तरता दिन योगदान पुऱ्याइरहेको छ,” अब्दुले अल जजिरालाई भने। “उपलब्ध प्रमाणहरूले यस बोर्डको भूमिकालाई नरसंहार र भोकमरीलाई एक प्रकारले कार्यात्मक सामान्यीकरण (functional normalization) गर्ने कार्यका रूपमा व्याख्या सकिने आधार दिन्छन्।”

प्यालेस्टिनी गैरसरकारी संस्थाहरूको सञ्जालका बोर्ड सदस्य मोहसेन अबु रमदानले भने - “दुःखको कुरा, बोर्ड अफ पिसले अन्तर्राष्ट्रिय समुदायलाई निराश बनाएको छ र जारी नरसंहार तथा अत्याचारहरूलाई राजनीतिक संरक्षण प्रदान गरिरहेको छ।”

सहायता-नाकाबन्दी अझ गहिरिँदै

गत वर्ष घोषणा गरिएको शान्ति योजनामा गाजामा दैनिक कम्तीमा ६०० वटा संयुक्त राष्ट्रसङ्घद्वारा समन्वय गरिएका मानवीय सहायता सामग्री बोकेका ट्रकहरूलाई प्रवेश गर्न दिने व्यवस्था गरिएको थियो। तर, वास्तविकतामा, सेप्टेम्बर महिनामा संयुक्त राष्ट्रसङ्घद्वारा समन्वय गरिएका औसतमा ४९ वटा ट्रकहरू मात्र हरेक दिन गाजामा प्रवेश गरे।

यी सीमित दलहरू (convoys) मध्ये दुई प्रतिशतले मात्र चिकित्सा सामग्रीहरू बोकेका थिए, जसका कारण सामग्रीको चरम अभाव भयो र उपचार गर्न सकिने रोगहरूका कारण मानिसहरूको मृत्यु भयो।

यसको सट्टा, इजरायली अधिकारीहरूले महँगा सामान बोकेका व्यावसायिक ट्रकहरूको प्रवेशलाई बढी प्राथमिकता दिन थालेका छन्; यस्ता सामानहरू जुन गरिब जनसङ्ख्याले किन्न सक्दैन।

अक्टोबर १२ को हप्तामा, गाजा प्रवेश गरेका ३१५ व्यावसायिक ट्रकहरूमध्ये २२३ वटामा खाद्य सामग्री र ५१ वटामा गैर-आवश्यक वस्तुहरू थिए। सरसफाइ तथा आश्रयसम्बन्धी सामग्री बोकेका १२ वटा ट्रक मात्र थिए भने चिकित्सा सामग्री बोकेको एउटा मात्र ट्रक थियो।

इजरायलले ‘दोहोरो प्रयोग’ सम्बन्धी प्रतिबन्धहरूको उल्लेख गरेको छ; यसले सैन्य तथा नागरिक, दुवै प्रयोजनमा आउन सक्ने वस्तु तथा सामग्रीहरूको प्रवेशलाई सीमित गर्छ।

नर्वेजियन रिफ्युजी काउन्सिलका प्रमुख कार्यकारी अधिकृत यान एगेल्यान्डले यो सङ्कट राजनीतिक निर्णयहरूबाट उत्पन्न भएको बताएका छन्। “गाजाका २१ लाख मानिसले भोगिरहेको पीडा अपरिहार्य होइन। विश्वले यसलाई स्वीकार गर्न बन्द गर्नुपर्छ,” एगेल्यान्डले भने। अक्सफाम अमेरिकाकी अध्यक्ष एवी म्याक्समयानले औंल्याइन् कि धरातलीय यथार्थ भनेको “इजरायल, अमेरिका र संयुक्त राष्ट्र सङ्घमा लिइएका नीतिगत निर्णयहरूको प्रत्यक्ष परिणाम” हो।

गहिरिँदो हिउँदे सङ्कट

गाजा विस्थापनको चौथो हिउँदमा प्रवेश गरिरहँदा, त्यहाँ आश्रयसम्बन्धी सङ्कट चरम बिन्दुमा पुगेको छ।

युद्धविराम घोषणा भएको एक वर्षभन्दा बढी समय बितिसक्दा पनि गाजाका लागि बोर्ड अफ पिसमार्फत दाताहरूले करिब १८ अर्ब डलर सहयोग गर्ने प्रतिबद्धता जनाए तापनि, पुनर्निर्माण कार्य अझै सुरु हुन सकेको छैन र करिब १४ लाख प्यालेस्टिनीहरू अस्थायी आश्रयस्थलमा बसिरहेका छन्।

हालै आएको हिउँदे आँधीले एकैदिनमा ७० हजारभन्दा बढी पालहरू डुबानमा पाऱ्यो, जसका कारण एक शिशु डुबेर मृत्यु भएको छ भने विस्थापित भएका अन्य पाँच जनाको ज्यान गएको छ। गाजाभित्र पाल र कम्बलको मौज्दात लगभग सकिएको अवस्थामा १ लाख ५० हजारभन्दा बढी पाल र ५ लाख कम्बल गाजाको सीमाबाहिर रोकिएका छन् र त्यहाँ प्रवेशको लागि अनुमतिको पर्खाइमा छन्।

“हिउँद नजिकिँदै गर्दा पाल र आधारभूत सरसफाइका सामग्रीहरू भित्रिन निदिन ‘दोहोरो प्रयोग’ (dual use) हुनसक्ने भनिएका प्रतिबन्धहरू लगाउनु भन्दा ठुलो नैतिक र कानुनी अपराध अरू के हुनसक्छ ?” अब्दुले अल जजिरालाई भने।

‘सेभ द चिल्ड्रेन इन्टरनेसनल’ की प्रमुख कार्यकारी अधिकृत इन्गर एशिङले भनिन्, “एक वर्षअघि विश्वलाई यो वाचा गरिएको थियो कि गाजाका बालबालिकाले अन्ततः सुरक्षा, राहत र आफ्नो जीवन पुनःनिर्माण गर्ने अवसर पाउनेछन्। तर, यसको सट्टा उनीहरू पहिलेभन्दा बढी चिसो, भोक, मानसिक आघात र जोखिमको सामना गरिरहेका छन्।”

रिफ्युजीज इन्टरनेसनलका अध्यक्ष जेरेमी कोनिन्डिकले अन्तर्राष्ट्रिय सहयोगीहरूलाई कदम चाल्न आग्रह गरे। उनले भने, “संयुक्त राज्य अमेरिका र संयुक्त राष्ट्र सुरक्षा परिषद्का अन्य सदस्य राष्ट्रहरूले ती दायित्वहरू पूरा भएको सुनिश्चित गर्न आफ्नो प्रभावको प्रयोग गर्नुपर्छ।”

बोर्डले इजरायली ‘राजनीतिक अनिर्णय’ लाई दोष दियो

अल जजीराले यी दाबीहरूबारे प्रतिक्रिया लिन बोर्ड अफ पिसलाई सम्पर्क गऱ्यो। जवाफमा, सञ्चार प्रमुख ब्राड क्लापरले ह्वाट्सएपमार्फत बोर्डको पछिल्लो आधिकारिक प्रतिवेदन हामीलाई पठाए। उनले भू-भाग अतिक्रमण वा गाजाभित्र सहायता सामग्री बोकेका ट्रकहरूलाई प्रवेश गर्न अनुमति नदिइएको भन्ने विशेष आरोपहरूबारे केही उल्लेख गरेनन्।

अल जजीराले यी प्रश्नहरूको स्पष्ट जवाफ माग्दा, क्लापरले भने - “तपाईंको जवाफ यही हो। अवस्था कस्तो छ भन्नेबारे हाम्रो मूल्याङ्कन तपाईंहरूसँग छ।”

क्लापरलद्वारा उपलब्ध गराएको प्रतिवेदनमा गाजामा शान्ति योजना कार्यान्वयन गर्न नसकिएको कुरा स्वीकार गरिएको छ तर यसका विभिन्न विषयहरूमा इजरायली पक्षको राजनीतिक अनिर्णयलाई दोष दिइएको देखिन्थ्यो।

“...यद्यपि, सम्बन्धित पक्षहरूले लिनुपर्ने निर्णयहरू बाँकी रहेकाले धरातलीय स्तरमा यसको कार्यान्वयन सीमित रहेको छ ... इजरायल सरकारद्वारा आवश्यक निर्णयहरू लिइनेबित्तिकै यो काम अघि बढ्नेछ,” प्रतिवेदनको एक खण्डमा उल्लेख छ।

त्यस्तै पछि, प्रतिवेदनमा यो पनि भनिएको छ - “गाजामा नागरिक प्रहरीको तालिम, परिचालन र फिर्तीका लागि आवश्यक सर्तहरू तथा व्यवस्थाहरूका सम्बन्धमा इजरायली सरकारले कुनै निर्णय नलिँदा, ‘व्यापक शान्ति योजना’ को पूर्ण कार्यान्वयनमा निरन्तर बाधा पुगिरहेको छ।

प्रतिवेदनको ४९ औं अनुच्छेदमा भनिएको छ - “विश्वासमा नभई प्रमाणित नतिजाहरूमा आधारित हुने उक्त प्रक्रिया, आवश्यक निर्णयहरू विचाराधीन रहेसम्म सुरु हुन सक्दैन। तसर्थ, बोर्ड अफ पिसले इजरायललाई आग्रह गर्दछ... कि उसले नागरिक प्रहरीको तालिम, परिचालन र फिर्तीका लागि, तथा ‘नेसनल कमिटी फर द एडमिनिस्ट्रेसन अफ गाजा’ (NCAG) र ‘इन्टरनेसनल स्टेबिलाइजेसन फोर्स’ (ISF) को प्रवेशका लागि आवश्यक निर्णयहरू विलम्ब नगरी गरोस्।” यहाँ उल्लेख गरिएका एनसिएजी र आइएसएफ शान्ति योजनाअन्तर्गतका संयन्त्रहरू भए तापनि, तिनलाई हालसम्म गाजामा प्रवेश गर्न दिइएको छैन।



गाजामा विस्थापित परिवारलाई जाडोको वर्षा र चिसोबाट बच्नका लागि तत्कालै क्याराभान, अस्थायी आवास, त्रिपाल र अन्य आश्रय सामग्रीहरूको आवश्यकता छ।
(अब्देलहाकिम अबु रियाश/अल जजीरा)

कानुनी जवाफदेहिता

चिकित्सा उद्धार प्रणाली ध्वस्त भएसँगै, गाजाको स्वास्थ्य मन्त्रालयले जनाएअनुसार स्थानान्तरणको प्रतीक्षामा रहेका २,०२७ बिरामीको मृत्यु भइसकेको छ भने २१ बिरामी अझै प्रतीक्षा सूचीमा छन्।

अब्दुले जवाफदेहिता सुनिश्चित गर्न पाँचवटा परिपूरक मार्गहरू प्रस्तुत गरे। यसमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहु र अन्य अधिकारीहरूका विरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालत (ICC) द्वारा जारी पक्राउ पुर्जीको कार्यान्वयन, इजरायलविरुद्ध अन्तर्राष्ट्रिय न्यायालय (ICJ) मा चलिरहेको नरसंहारसम्बन्धी कारबाहीको निरन्तरता र राष्ट्रिय अदालतहरूमा ‘सार्वभौमिक क्षेत्राधिकार’ को प्रयोगमार्फत न्याय खोज्ने प्रयासहरू समावेश छन्। उनले इजरायलमाथि क्षेत्रीय रूपमा हतियार प्रतिबन्ध लगाउन पनि आह्वान गरे र बोर्ड अफ पिसका असफलताहरूको समीक्षा गर्न संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्लाई सार्वजनिक ब्रिफिङ गर्न दबाब दिए।

“कुनै पनि संस्थाले, चाहे त्यसको नाम, कार्यादेश वा राजनीतिक संरक्षण जेसुकै होस्, नागरिकहरूको हत्या, मानव अस्तित्वका लागि आवश्यक आधारभूत अवस्थाहरूको विनाश र गैरकानुनी कब्जाको अनियन्त्रित विस्तारलाई निर्बाध रूपमा जारी रहन दिँदै आफूले शान्ति प्रवर्द्धन गरिरहेको दाबी गर्नु वैधानिक हुनसक्दैन,” अब्दुले अल जजिरालाई भने।

तर, प्रतिवेदनले यो योजना कार्यान्वयन गर्ने संयन्त्रहरू अझै पनि ठप्प रहेको उल्लेख गरेको छ र इजरायली सरकारले निर्णय नलिँदा योजना अघि बढ्नमा बाधा पुगिरहेको जनाएको छ।

आफ्नो प्रतिवेदनको निष्कर्षमा बोर्डले उल्लेख गरेको छ - “कुनै ठोस नतिजा नदिने युद्धविराम अनिश्चितकालसम्म कायम रहन सक्दैन। गाजाका जनताले यस युद्धका लागि सबैभन्दा ठुलो मूल्य चुकाइसकेका छन्, त्यसैले ढिलाइका कारण उनीहरूलाई पुनः मूल्य चुकाउन भन्नु हुँदैन।”

यस सङ्कटको निगरानी गर्ने कूटनीतिक संरचना, विशेष गरी संरा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले स्थापना गरेको ‘बोर्ड अफ पिस’ (Board of Peace) र ‘अन्तर्राष्ट्रिय स्थिरीकरण बल’ (International Stabilization Force -ISF) मानव अधिकार विज्ञहरूको कडा आलोचनाको घेरामा परेको छ। उनीहरूले यस निकायले आफ्नो कार्यादेश त्यागेको आरोप लगाएका छन्।

“युरो-मेड ह्युमन राइट्सको धारणा अनुसार, बोर्ड अफ पिसको स्थापनाकालदेखि नै, यसको संरचना र यसलाई सुम्पिएका अधिकारहरू, दुवै हिसाबले; यो प्यालेस्टिनी जनताको आत्मनिर्णयको अधिकारमाथिको गम्भीर उल्लङ्घन थियो,” अब्दुले



इटालीमा आमहडतालको क्रममा राजधानी रोमस्थित शिक्षा मन्त्रालयअगाडि सार्वजनिक शिक्षा क्षेत्रको बजेट कटौतीविरुद्ध प्रदर्शन गर्दै युवा विद्यार्थीहरू नोभेम्बर २१, २०२६ शुक्रबारका दिन । युरोपका युवाहरूले उच्च जीवनयापन लागतदेखि सैन्य खर्च र जलवायु सङ्कटसम्मका मुद्दाहरूमा आक्रोश पोख्दै युरोपभर विरोध जुलुस निकाल्दै छन्, उनीहरूले युवाहरूको चिन्तालाई बेवास्ता गरेको आरोप लगाएका राजनीतिक नेताहरूमाथि दबाब बढाउँदै छन् । *तस्बिर : अलजजीरा*

मध्य पेरुमा शक्तिशाली भूकम्प, क्षतिको विवरण सङ्कलन हुँदै

लिमा, ५ मङ्सिर (एएफपी) । मध्य पेरुमा शुक्रबार ६.७ म्याग्निच्युडको शक्तिशाली भूकम्प गएको छ । प्रारम्भिक विवरणअनुसार भूकम्पबाट मानवीय क्षति वा ठुलो भौतिक क्षति भएको पुष्टि भएको छैन । यद्यपि, केही पहाडी क्षेत्रमा पहिरो र चट्टान खसेको खबर प्राप्त भएको छ ।

पेरुको भूभौतिक संस्थानका अनुसार स्थानीय समयअनुसार शुक्रबार बिहान ७:०९ बजे जुनिन सहरबाट ३० किलोमिटर उत्तरपश्चिममा केन्द्रबिन्दु रहेको भूकम्प गएको हो । १२९ किलोमिटर गहिराइमा गएको उक्त भूकम्पको कम्पन राजधानी लिमासहित हुआनुको र कालाओ क्षेत्रमा समेत महसुस गरिएको थियो ।

पेरुको राष्ट्रिय आपत्कालीन सञ्चालन केन्द्र (सिओएएन) ले भूकम्पको धक्का मध्यमदेखि तीव्र रूपमा महसुस गरिएको जनाउँदै जोखिमयुक्त क्षेत्रको निगरानी जारी राखिएको बताएको छ ।

स्थानीय टेलिभिजन तथा सामाजिक सञ्जालमा सार्वजनिक तस्बिरहरूमा भूकम्पपछि लिमा र अन्य प्रभावित क्षेत्रका बासिन्दा घर तथा भवनबाट बाहिर निस्केर सडकमा भेला भएको देखिएको छ ।

पेरुको भूभौतिक संस्थानका अध्यक्ष हर्नान्डो तावेराले एएफपीसँग कुरा गर्दै जमिनको कम्पन निकै तीव्र भए पनि तत्काल मानवीय तथा भौतिक क्षतिको विवरण प्राप्त नभएको बताउनुभयो । उहाँका अनुसार पहाडी क्षेत्रमा भने पहिरो गएको र चट्टान खसेको छ ।

पेरु जापानदेखि दक्षिणपूर्वी एसिया हुँदै प्रशान्त महासागरीय क्षेत्रमा फैलिएको उच्च भूकम्पीय गतिविधियुक्त क्षेत्र 'प्यासिफिक रिङ अफ फायर' मा पर्दछ । भूकम्पविद्हरूका अनुसार पेरुमा प्रत्येक वर्ष कम्तीमा ४०० वटा भूकम्प जाने गरेका छन् । तीमध्ये करिब तीन चौथाइ भूकम्प यति कमजोर हुन्छन् कि मानिसले त्यसको कम्पनसमेत महसुस गर्न सक्दैनन् ।

यसअघि गत जुलाईमा जुनिन क्षेत्रमा ५.१ म्याग्निच्युडको भूकम्प जाँदा छ जनाको मृत्यु भएको थियो भने ३२ जना घाइते भएका थिए । उक्त भूकम्पबाट ५२ घरसमेत पूर्ण रूपमा ध्वस्त भएका थिए ।

फिलिपिन्समा विमानको आपत्कालीन अवतरण

मनिला, ५ मङ्सिर (एपी) । इन्जिनमा आगो वा स्पार्क देखिएको सङ्केतपछि हङकङबाट पपुवा न्युगिनीतर्फ उडेको एयर न्युगिनीको विमानले शनिबार दक्षिणी फिलिपिन्सको डाभाओ अन्तर्राष्ट्रिय विमानस्थलमा आपत्कालीन अवतरण गरेको छ । विमानमा सवार १३७ यात्रु र नौ चालकदलका सदस्य गरी सबै १४६ जना सुरक्षित रहेका छन् ।

फिलिपिन्सको नागरिक उड्डयन प्राधिकरणका अनुसार बोइङ ७६७-३८३ ईआर विमानका पाइलटले दायाँ इन्जिनमा सम्भावित आगो वा स्पार्क देखिएको सङ्केत पाएपछि सुरक्षा प्रक्रिया अपनाएर विमानलाई निर्धारित मार्गबाट डाभाओतर्फ मोडेका थिए । मध्यरातपछि गरिएको अवतरणका क्रममा आपत्कालीन स्लाइड प्रयोग गरी बाहिरिएका कसैलाई चोटपटक लागेको छैन ।

विश्व सङ्क्षेप

ब्रेक्जिटपछि बेलायत–ईयू सम्बन्ध सुधारमा सहमति

ब्रसेल्स, ५ मङ्सिर (एएनआई) । ब्रेक्जिटपछि एक दशकदेखि कमजोर बनेको सम्बन्ध सुधार्न बेलायत र युरोपेली सङ्घ (इयु) व्यापार, युवा आदानप्रदान, आप्रवासन र सुरक्षासम्बन्धी सहकार्य विस्तार गर्न सहमत भएका छन् ।

शुक्रबार ब्रसेल्समा भएको दोस्रो इयु-बेलायत शिखर सम्मेलनमा प्रधानमन्त्री एन्डी बर्नह्याम, युरोपेली परिषद्का अध्यक्ष एन्टोनियो कोस्टा र युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले नयाँ सम्झौतामा सहमति जनाउनुभएको हो । बर्नह्यामका अनुसार सम्झौताले बेलायतको कुल गार्हस्थ्य उत्पादनमा शून्य दशमलव पाँच प्रतिशतसम्म योगदान पुऱ्याउनुका साथै करिब १७ अर्ब पाउन्डको आर्थिक लाभ दिने अनुमान छ ।

सम्झौताअनुसार बेलायतले आगामी वर्षदेखि इरास्मस प्लस कार्यक्रममा पुनः सहभागिता जनाउनेछ । दुवै पक्षका एक-एक लाख युवालाई तीन वर्षसम्म काम, अध्ययन, स्वयम्सेवा र भ्रमणको अवसर दिने युवा अनुभव योजना पनि अघि बढाइएको छ । यसबाट ३१ वर्षमुनिका युवाका अवसर विस्तार हुने नेताहरूको भनाइ छ ।

खाद्य तथा कृषि व्यापार सहज बनाउने, पशु तथा वनस्पतिजन्य उत्पादनको सीमा जाँच घटाउने र ऊर्जा तथा विद्युत् बजारमा सहकार्य बढाउने विषयमा पनि सहमति भएको छ । अनियमित आप्रवासन नियन्त्रणका लागि सूचना आदानप्रदान र संयुक्त कारबाही विस्तार गर्ने तथा रक्षा र सुरक्षा क्षेत्रमा समन्वय बढाउने निर्णयसमेत गरिएको छ ।

युरोपेली परिषद्का अध्यक्ष कोस्टाले रुसको आक्रमणविरुद्ध युक्रेनलाई न्यायपूर्ण र दिगो शान्ति कायम नभएसम्म सहयोग जारी राख्ने प्रतिबद्धता जनाउनुभयो । दुवै पक्षले गाजामा दुई राज्य समाधान र मानवीय सहायता प्रवाहको समर्थन गर्दै क्षेत्रीय समुद्री मार्गमा इरान र हुथी समूहका आक्रमणको निन्दा गरेका छन् ।

बर्नह्यामले ब्रेक्जिटपछिको 'दूरी र विभाजनको दशक' अन्त्य गर्दै सम्बन्धका टुटेका पुल पुनः निर्माण गर्ने समय आएको बताउनुभयो ।

भारतमा दूषित मदिरा सेवनबाट ११ जनाको मृत्यु

नयाँदिल्ली, ५ मङ्सिर (एएफपी) । भारतको उत्तरपूर्वी राज्य मणिपुरमा दूषित मदिरा सेवनबाट कम्तीमा ११ जनाको मृत्यु भएको छ भने १८० भन्दा बढी बिरामी अस्पताल भर्ना भएका छन् ।

मदिरा सेवनपछि मानिसहरू बिरामी परेको जानकारी दिँदै मणिपुरका मुख्यमन्त्री युमनाम खेमचन्द सिंहले शुक्रबार घटनाको अनुसन्धान गर्न निर्देशन दिनुभएको छ । उहाँका अनुसार पछिल्लो ४८ घण्टामा मृत्यु हुनेको सङ्ख्या ११ पुगेको छ भने दुई अस्पतालमा १८० भन्दा बढी बिरामी उपचाररत छन् ।

मुख्यमन्त्री सिंहले घटनामा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी कानुनी कारबाही गरिने बताउनुभएको छ ।

भारतमा अवैध तथा मिसावटयुक्त मदिरा सेवनबाट मृत्यु हुने घटना बारम्बार हुने गरेका छन् । नियमनबाहिर बिक्री हुने सस्तो मदिरामा अत्यन्त विषाक्त औद्योगिक रसायन मिथानोल मिसाइएको हुन सक्ने बताइन्छ ।

गत मे महिनामा पश्चिमी राज्य महाराष्ट्रको पुणे र छिमेकी पिम्परी-चिन्चवाडमा मिथानोल मिसाइएको अवैध मदिरा सेवनबाट कम्तीमा १५ जनाको मृत्यु भएको थियो । त्यस्तै, स्थानीय सञ्चारमाध्यमका अनुसार गत अगस्टमा गुजरातको भावनगर जिल्लामा दूषित मदिरा सेवनबाट १३ जनाको मृत्यु हुनुका साथै ६० भन्दा बढी प्रभावित भएका थिए ।

भारतका विभिन्न क्षेत्रमा यस्तो मदिरा व्यापक रूपमा बिक्री हुने गरेको छ । कतिपय स्थानमा एक अमेरिकी डलरभन्दा कम मूल्यमा बोतलमा मदिरा पाइन्छ । मिथानोल सेवनले अन्धोपन र कलेजोमा क्षति पुऱ्याउनुका साथै बढी मात्रामा सेवन भएमा ज्यानसमेत जान सक्छ ।

हर्मुजमा पौडी खेलेर युद्धको असर उजागर

लन्डन, ५ मङ्सिर (एपी) । इरान युद्धले हर्मुज जलघाँटीको समुद्री वातावरण र वन्यजन्तुमा पारेको जोखिम उजागर गर्न बेलायती पौडी खेलाडी लुइस पुघले द्वन्द्वग्रस्त जलमार्गमा तीन दिन लगाएर करिब १५ किलोमिटर पौडी खेल्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका महासागरसम्बन्धी संरक्षकसमेत रहनुभएका ५६ वर्षीय पुघले पौडीका क्रममा नजिकै तेल ट्याङ्करमा आक्रमण हुँदा विस्फोट भएको देख्नुभयो । उहाँका अनुसार जहाजमा भएको आक्रमण र त्यसबाट फैलिने तेल तथा रासायनिक प्रदूषणले समुद्री जीव, मुगा चट्टान र म्यान्ग्रोभ वनलाई दीर्घकालीन जोखिममा पार्न सक्छ ।

उहाँले युद्धअघि ओमानी तटमा पौडी खेल्दा देखेका सयौँ समुद्री कछुवा तथा यसपटक डल्फिन र ओस्रे चराहरूको उपस्थितिले यस क्षेत्रको प्राकृतिक महत्त्व स्मरण गराएको बताउनुभयो । तेल प्रदूषण सफा गर्न कठिन हुने र यसको असर पुस्तौँसम्म रहन सक्ने उहाँको भनाइ छ ।

युद्धका क्रममा दर्जनौँ ट्याङ्कर क्षतिग्रस्त भएका छन् । इरानले जलमार्गमा आफ्नो नियन्त्रण कायम गर्ने प्रयासस्वरूप जहाजमाथि आक्रमण बढाएको छ । युद्धअघि विश्वको कुल तेल कारोबारको करिब पाँचौँ भाग हर्मुज जलघाँटी हुँदै ओहोरदोहोर हुने गरेको थियो ।

समुद्री वातावरण संरक्षणका लागि चार दशकदेखि सक्रिय पुघले उत्तरी ध्रुव, अन्टार्कटिका र विश्वका विभिन्न समुद्री क्षेत्रमा पौडी खेलेर वातावरणीय मुद्दामा ध्यान आकर्षित गर्दै आउनुभएको छ । उहाँले युद्ध रोक्न, हर्मुज जलघाँटी खुला राख्न र प्रदूषण सफा गर्नुपर्ने सन्देश दिनुभएको छ ।

❁ हार्दिक समवेदना ❁



जन्म
१९९४/११/२७

स्वर्गारोहण
२०८३/०७/२४

आशाकुमारी थुसा

मेरी ममतामयी दिदी **आशाकुमारी थुसा**को स्वर्गारोहण भएको आज तेह्रौँ दिनको पुण्यतिथिमा उहाँको स्वर्गवासको कामनासहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । यस दुःखद घडीमा शोकसन्तप्त **उत्तम प्रसाद थुसा** तथा **गौतम थुसा परिवार**प्रति हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

बहिनी
नकली बासुकला

छोरा/बुहारी
राज किरण/लक्ष्मी बासुकला
राजीवकिरण/श्रीजना बासुकला

नातिहरू
निरल बासुकला
आरोन बासुकला

छोरी/ज्वाइँ
ज्योति किरण/राज भाइ शिल्पकार
जुनेली किरण/सुकुराम मगजु
जुनुमैया/कुमार रन्जितकार
जेनी किरण/लक्ष्मी सुन्दर राजलवट
रोजा किरण/किशन कर्माचार्य

नाति/नातिनी (छोरीहरूतर्फ)
अजर/दीपा, अनुज शिल्पकार
जुल्सन, श्रीजु मगजु , सुजा/निकेश सुवाल
अग्रज रञ्जितकार
जश्मीन, जेशिका राजलवट
जेसन कर्माचार्य

केही काल्पनिक समाजवादीहरू र समाजवादी क्रान्तिका परिस्थितिबारे सङ्क्षिप्त चर्चा

✍ सुमन

विश्वमा मानव विकासक्रम या समाज रूपान्तरणको क्रममा थुप्रै उथलपुथलहरू भए। यस्तो उथलपुथल भएको विश्वको केन्द्र भनेकै युरोप थियो। आर्थिक विकासमा युरोप अगाडि थियो। त्यहाँ पुँजीवादी क्रान्ति र फ्रान्सेली राज्य क्रान्तिहरू भए। त्यहाँ थुप्रै दार्शनिक, विचारक, महान् प्रवर्तकहरू जन्मे। उनीहरूले विश्वमा समाजवादी क्रान्ति सफल पार्न र जीवनभर सहयोग पुऱ्याए। उनीहरूले समाजवादको कल्पना गरेर समाजवादी काल्पनिक विचार विश्वलाई दिए। उनीहरूको विचार र प्रयोगमा भएको त्रुटि, कमीकमजोरीबाट शिक्षा लिएर लेनिनको नेतृत्वमा सन् १९१७ मा रुसमा अक्टोबर समाजवादी क्रान्ति भयो। विश्वमा पहिलो समाजवादी व्यवस्था लागू गरेर साम्राज्यवादी, पुँजीवादी देश अमेरिकालगायतका देशहरूले दुई तीन सय वर्षमा गरेको विकास रुसले ३०/४० वर्षमै प्रगति गरेर देखायो। चीनमा माओ, उत्तर कोरियामा किम इल सङ, भियतनाममा होचि मिन्ह र क्युवामा क्यास्ट्रोको नेतृत्वमा समाजवादी जनवादी क्रान्ति सफल भए। यहाँ उहिलेका काल्पनिक समाजवादी विचारकहरू यहाँ सेन्ट साइमन, चार्ल्स फ्युरिये र रोबर्ट ओवेनबारे सङ्क्षिप्त चर्चा गर्ने छु।


चार्ल्स फ्युरिये


रोबर्ट ओवेन


सेन्ट साइमन


अक्टोबर क्रान्तिपछि मजदुर वर्गलाई सम्बोधन गर्नुहुँदै लेनिन

सेन्ट साइमन (सन् १७६०-१८२५)

सेन्ट साइमन फ्रान्सेली काल्पनिक समाजवादी थिए। उनको जन्म सन् १७६० अक्टोबर १७ का दिन फ्रान्सको पेरिसमा भएको थियो। त्यसबेला फ्रान्सेली जनता विशेषाधिकार प्राप्त गुरु-पुरोहित, राजा-रजौटा र सामन्तहरूको अन्याय र अत्याचारले थिचिएका वा पिल्सिएका थिए। उनी एक रजौटाका छोरा थिए। उनी अमेरिकी स्वतन्त्रता आन्दोलनमा फ्रान्सेली स्वयम्सेवक दलको अफिसर भएर अमेरिका गएका थिए। उनी त्यहाँ देखाएको बहादुरीले कर्णेल पदमा बढुवा भएका थिए। कमान्डर भइसकेका उनले पछि सेनाबाट राजीनामा दिए।

उनी न्याय, विवेक र सत्यको नयाँ झन्डा 'जेनेभाको चिट्ठी' लिएर सन् १९०२ मा संसारको अगाडि उभिए। एङ्गेल्सका अनुसार उक्त चिट्ठीमा साइमनको विचार पस्केको पाइन्छ - "सङ्ख्यामा सबभन्दा धेरै र सबभन्दा गरिब वर्गलाई सबभन्दा बढी र सबभन्दा पहिले धेरै ध्यान दिनुपर्छ। हरेक व्यक्तिले काम गर्नुपर्छ।" साइमनको यो विचार एङ्गेल्सको नजरमा अत्यन्त सारगर्भित देखिन्छ। फ्रान्सेली क्रान्ति पनि एउटा वर्गसङ्घर्ष हो। त्यो सम्पन्न वर्ग र पुँजीपतिवर्गको मात्रै वर्गसङ्घर्ष नभई सामन्त र पुँजीपतिवर्गको विरोधमा सम्पत्ति नभएकाहरूको पनि वर्गसङ्घर्ष हो। उनले सामन्तवादी र पुँजीपति क्रान्ति भइरहेको थियो। हातले काम गर्ने कारखानाहरू बाफले चल्ने, कलले चल्ने र कलले चल्ने ठुलठुलो कारखानामा फेरिँदै थिए। उनले आफ्ना अनुभवहरूकै आधारमा सन् १८१३ मा 'समाजको नयाँ दर्शन' अन्तर्गत मानव निर्माण गर्ने सिद्धान्तसम्बन्धी निबन्ध लेखे। त्यस निबन्धअनुसार उनले न्यु लेनार्कमा मानिसका असल चरित्र निर्माण गर्ने खालका स्कूलहरू खोले। उनले त्यहाँ गुणस्तरीय सामान सस्तोमा बेच्ने एउटा पसल खोल्ने प्रबन्ध गरिदिए। त्यहाँ रक्सी पनि पाइन्थ्यो। उनले रक्सी ठीक मात्रामा मात्रै बेच्न पाउने प्रबन्ध गरिदिए। उनले केटाकेटीको निम्ति स्वतन्त्र शिक्षा व्यवस्था मिलाइदिए। उनी राज्यसत्ताको अन्त्य हुनेछ भने। उनले योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको सिद्धान्त अगाडि ल्याए। यो विचारलाई मार्क्सवाद र लेनिनवादको बीउ वा जगको रूपमा लिन सकिन्छ।


रोबर्ट ओवेनको काल्पनिक सहर

चार्ल्स फ्युरिये (सन् १७७२-१८३७)

चार्ल्स फ्युरियेको जन्म सन् १७७२ अप्रिल ७ का दिन फ्रान्सको फ्रान्से-कोम्टेमा भएको थियो। उनी फ्रान्सका एक विख्यात काल्पनिक समाजवादी विचारका प्रवर्तक थिए। उनी एक व्यापारीका छोरा थिए। सन् १८०२ मा उनले मानिसलाई स्वतन्त्र रूपले विकास गर्नुपर्छ भन्ने विचारले दुइटा लेखहरू लेखे। उक्त लेखमा मानिसलाई समाजको अनेक जालझेल र सामाजिक बन्धनहरूबाट मुक्त गर्नुपर्छ। व्यापारीहरूको भ्रष्टाचार, बेइमानी र शोषणको अन्त्य हुनुपर्छ। उनले पुँजीपतिवर्गका मीठा-मीठा र लामा-लामा बुट्टा भरेका कुराहरूमा विश्वास गर्न नहुने, सजक हुनुपर्नेजस्ता विचार पोखेका थिए। जुन सहरका नक्सामा त्यहाँका घरहरू तीनकुने शैलीका हुनेछन्। जसलाई आवश्यक पर्नासाथ लडाइँको मोर्चामा बदल्न सकियोस्। त्यहाँ १६ सय जति मानिस अटाउने बस्ती या सहर हुनेछन्। त्यहाँका मानिसहरू आवश्यक उद्योग र कारखानासहित कृषिमा निर्भर रहनेछन्। लगातार एउटै काम गर्नाले त्यसबाट हुने दिक्दारी हटाउन र स्वस्थ बनाउन मानिसलाई एउटै पेसामा बाँधिने छैन। त्यस समाजमा मानसिक र शारीरिक श्रमको भेद रहनेछैन। तल्लो स्तरको काम पनि महत्त्वपूर्ण काम भनेर सम्झिनेछ। परिवारको निम्ति अलग-अलग कोठाको बन्दोबस्त हुनेछ। यो उनको विचारमा समाजवादीभन्दा साम्यवादी विचार आकर्षित भएको पाइन्छ।

रोबर्ट ओवेन (सन् १७७१-१८५८)

रोबर्ट ओवेन एक बेलायती काल्पनिक समाजवादी थिए। उनको जन्म सन् १७७१ मा बेलायतको न्यु टाउन भन्ने ठाउँमा भएको थियो। उनी एक व्यापारीका छोरा थिए। फ्रान्समा राज्य क्रान्तिको आँधीबेहरी आइरहेको समयमा उनको जन्म भएको थियो। त्यही समयमा बेलायतमा औद्योगिक क्रान्ति भइरहेको थियो। हातले काम गर्ने कारखानाहरू बाफले चल्ने, कलले चल्ने र कलले चल्ने ठुलठुलो कारखानामा मानिसको चरित्र उसको पुस्ताबाट आउँछ र वातावरणले त्यसमा ठुलो प्रभाव पार्छ भन्ने विचार राख्थे। केटाकेटीहरू दुई वर्षकै उमेरमा स्कूल जान्थे। स्कूलमा तिनीहरू आनन्दसँग हाँसखेल गर्थे र आफ्नो घर जान पनि मान्दैनथे। पछि २५ सय व्यक्तिहरू भएको एउटा बस्ती बसालेर उनले त्यहाँको परिस्थिति नै बदलिदिए। त्यस बस्तीमा रक्सीबाज, पुलिस, अड्डा-अदालत र दङ्गाफसादजस्ता कुराहरू थिएनन्। उनका ती कामबाट उनको नाम बेलायतभरि फैलियो। त्यहाँका राजा-महाराजा, मन्त्री, नेता र ठुलाबडा मानिसहरू उनको आदर्श नगर हेर्न आउँथे। राम्रो बन्दोबस्तले सारा पाइला प्रभावित हुन्थे।


फ्युरियेले कल्पना गरेको कम्युन 'फालाँक्स'


न्यू लेनार्क

रोबर्ट ओवेनले त्यस्तै एउटा सहरको कल्पना गरेका थिए। उनको विचारअनुसार त्यो सहरमा एक हजारदेखि १५ सय एकड जग्गामा चोक भएको घर हुनेछ। त्यसमा १२ सय जति मानिस रहनेछन्। परिवारका अलगअलग कोठाहरू हुनेछन्। खानपिन सामूहिक भान्छा घरमा हुनेछ। ४ वर्षपछि केटाकेटीलाई समाजले हेरचाह गर्नेछ। मनोरञ्जनका साधनहरू सामूहिक हुनेछन्। एक समुदायमा लगभग ५ सयदेखि ३ हजार मानिस रहनेछन्। कलकारखानासहित जनसङ्ख्या कृषिमा निर्भर रहनेछ। यस्ता दसौँ, सयौँ र हजारौँ समुदायहरू मिलेर संयुक्त सङ्घ बन्नेछ र त्यो विश्वव्यापी हुनेछ।

ती काल्पनिक समाजवादीका राम्रा विचारक, महान् प्रवर्तकहरू आफ्ना कल्पना गरेका समाजवादमा सफल भएनन्। त्यसमा विभिन्न कमीकमजोरी रहे। तिनीहरूको विचार भौतिक परिस्थितिमा आधारित थिएन। तिनीहरू असल र राम्रो बुद्धि र विवेकले मात्र सबै कुरो हुन्छ भन्ने विचार गर्थे। तिनीहरूले आफ्ना विचार र असल भावनालाई मात्र प्राथमिकता दिए। तिनीहरूले उत्पादन शक्ति, वर्गसङ्घर्ष नयाँ उठ्दै आइरहेको सर्वहारावर्ग र त्यसको हुकुमबारे कल्पना गर्न वा विचार गर्न सकेनन्। उनीहरूले समाजवादका यी अग्रदूतहरूले उत्पादनको शक्ति र सम्बन्धमा लुकेका विषयमा आवश्यक जानकारी राखुन सकेका थिएनन्। उनीहरू मनमा राम्रा-राम्रा कुराहरू उनेर समाजमा लाइन चाहन्थे। तिनीहरूका कल्पना राम्रै थिए। तर, त्यसलाई मजदुरवर्गले स्वीकारेनन्। त्यसैले, उनीहरू त्यसमा सफल भएनन्।

उनीहरूले समाजवाद वस्तुगतरूपमा कसरी आउँछ भन्ने कुरा पत्ता लगाउन सकेनन्। पुँजीवादमा ज्यालामा आधारित मजदुरवर्गको दासतालाई व्याख्या गर्न सकेनन्। तिनीहरूले न त पुँजीवादको विकासमा नियमहरू पत्ता लगाउन सके न त नयाँ समाजको निर्माण गर्न सर्वहारावर्गको सामाजिक शक्तिलाई नै चिन्न सके। तिनीहरूले दास युगको ठाउँमा सामन्तवाद र सामन्तवादको ठाउँ पुँजीवादी व्यवस्थाले लिँदा दास मालिक र दासहरू, सामन्त र भूदासहरूको वर्गसङ्घर्षको महत्त्वलाई बुझ्न सकेनन्।

लेनिनले यसबारे 'मार्क्सवादका तीन स्रोत' भन्ने लेखमा यसरी भन्नुभएको छ - सामन्तवादको गद्दी पल्टेपछि र पृथ्वीमा 'स्वतन्त्र' पुँजीवादी समाज जन्मेपछि उतिखेरै के प्रस्ट भयो भने यो स्वतन्त्रता भनेका पनि श्रमिकहरूमाथिको थिचोमिचो र शोषण गर्ने नयाँ बन्दोबस्त या हतियार नै हो। जहिलेसम्म पीडितवर्ग आफ्नो आजबारे प्रस्ट हुँदैन र त्यसको निम्ति समर्पित हुँदैन, शत्रु र मित्रहरूको बलिया र कमजोरी थाहा पाई त्यसको निम्ति आवश्यक तयारी गर्दैन तबसम्म राम्रो विचार एवम् राम्रो सिद्धान्त पनि सफल हुँदैन। जुन सोभियत सङ्घको पतनले पुष्टि गरिसकेको छ।

काल्पनिक समाजवादले हल गर्न नसकेको प्रश्नको उत्तर अक्टोबर सोभियत समाजवादी क्रान्तिले प्रयोग गरी सफलतामा टुङ्ग्याएर देखाइदिएको छ। जुन लेनिन र स्तालिनलगायतका नेताहरूको अनुभव र शिक्षा हो। त्यसको निचोड नै मार्क्सवाद र लेनिनवाद हो। सर्वहारावर्गको हुकुम राज्य व्यवस्था नै वैज्ञानिक समाजवाद हो।

लेनिनले सफल अक्टोबर समाजवादी क्रान्तिको लागि आवश्यक परिस्थितिबारे व्याख्या गर्नुभएको छ। क्रान्तिको परिस्थिति र अनुभवबारे अक्टोबर क्रान्तिको दिशानिर्देशक लेनिनले यसरी व्यक्त गर्नुभएको छ, शासितवर्ग पहिलेको अवस्थामा बस्न नचाहेको र शासकवर्गले पहिलेजस्तो शासन गर्नै नसक्ने अवस्थामा क्रान्ति हुन्छ। अक्टोबर क्रान्तिको अनुभवबाट लेनिनले भन्नुभएको थियो, क्रान्तिको निम्ति अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति आवश्यक छ, छिमेकी देशहरूको परिस्थिति क्रान्तिको अनुकूल हुनु झन् आवश्यक छ। अक्टोबर क्रान्तिको बेला पुँजीवादी देशहरू आपसमा पहिलो विश्वयुद्धमा फसेका थिए। बेलायत, फ्रान्स र रुस एकातिर थिए भने जर्मनी, हङ्गेरी र इटाली अर्कोतिर थिए। रुस आफै आफ्नो छिमेकी जर्मनीसँग युद्धमा फसेको थियो। पुँजीवादी देशका मजदुरहरूले रुसको मजदुर क्रान्तिको पक्षमा एकता प्रदर्शन गरे। युरोपका विभिन्न भागका मजदुर र जनताले ठुलठुला राजनैतिक हडतालहरू गरेर 'युद्धको विरोध' मा आ-आफ्नो सरकारलाई आफ्नै देशको विद्रोह र सङ्घर्षमा फसाएर रुसी क्रान्तिलाई सहयोग पुऱ्याए। सर्वहारावर्गको हुकुम, उत्पादनका साधनहरूमा समाजको स्वामित्व योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, व्यक्तित्व विकासमा समान अवसर र मानिसबाट मानिसलाई गरिने शोषणबाट मुक्त हुनु नै समाजवाद हो। यही मार्क्सवादी र लेनिनवादी विचारअनुसार समाजवादको निम्ति विभिन्न माग र नाराहरू घन्काएर विश्वमा मजदुर र किसानका आन्दोलनहरू भइरहेका पाउँछौँ। हाल युरोपका फ्रान्स, जर्मनी, बेलायत, ग्रीस, इटाली, स्पेन, पोर्चुगललगायतका देशहरूमा त्यस्तै भारत, श्रीलङ्का, बङ्गलादेशलगायत एसियाली देशहरूमा पनि किसान र मजदुरहरू हँसिया हथौडाअङ्कित रातो झन्डा फहराएर आन्दोलन भइरहेको सञ्चारमाध्यममा बाहिर आएको सबैले देखेकै कुरा हुन्। मार्क्सवाद र लेनिनवाद विज्ञान भएको हुँदा विश्वमा ढिलोचाँडो समाजवादको झन्डा फहरिनेछ। यसको लागि भने सचेत र सङ्गठित भएर विश्वका बहुसङ्ख्यक थिचिएका, पिल्सिएका, शोषितपीडित जनता सबै एक भएर उठ्नु आवश्यक छ।

स्रोत :

१. समाज विकासको एक झलक
२. अक्टोबर क्रान्ति र यसको महत्त्व (नेपालको परिप्रेक्ष्यमा)

नयाँ...

राजधानी दैनिकमा लेखियो, 'विस्तृत शान्ति सम्झौताका २० वर्ष : १६ सरकारले पनि दिएन पीडितलाई न्याय' दुई दशकमा धेरै सरकार फेरिए, धेरै दलको नेतृत्व फेरिए र शान्ति प्रक्रियाको नाउँमा राजनीतिक सहमति भयो । तर, पीडित सबैले अझै न्याय पाएनन् । द्वन्द्वको क्रममा भएका हत्या, बेपत्ता, यातना, यौन हिंसा र अन्य गम्भीर मानव अधिकार उल्लङ्घनको सत्य अन्वेषण, दोषी पहिचान भएको छैन । कब्जा गरिएका सरकारी, सार्वजनिक र निजी सम्पत्ति फिर्ता गर्ने प्रतिबद्धता पूर्ण रुपमा कार्यान्वयन भएको छैन । भोटेकोसी बाढी आएको झन्डै तीन महिना बितिसक्दा पनि मृतकका आफन्तले अझै शव पाएका छैनन् । गत १० भदौमा आएको भोटेकोसी बाढीपछि विभिन्न जिल्लाका नदी किनारामा फेला परेका शवबाट १४४५ वटा नमुना सङ्कलन गरिएको थियो । बेपत्ता भएका व्यक्तिका परिवारका २१११ सदस्यको रगत नमुना सङ्कलन गरिएको थियो ।

देशका यी यावत् जल्दोबल्दो समस्यालाई हेर्दा वर्तमान सरकारले पनि जनताको समस्या समाधानमा तत्परता नदेखाएको अनुभूति हुन्छ । जनताको समस्यालाई थाती राखेर कसरी समस्या सुल्झिन्छ ? कम्मर कस्दै आएका सत्तारुढ दलका नेता, मन्त्री र सांसदहरुको जोश र जाँगर सेलाएको देखिन्छ । युवा सांसदहरूको चर्तिकला पनि अचम्मको छ । सत्तारुढ दलले आफ्ना नेता, सांसद कार्यकर्तालाई सही दिशा निर्देश गर्न नसक्दा अन्योलमा पर्नु स्वाभाविक हो ।

टोल टोलमा सहकारी गतिविधि मात्र नगरिकन पुस्तकालय, विद्यार्थी गृहकार्य कक्षाहरूको पनि विकास गर्नुपर्ने

भक्तपुर, ५ मङ्सिर । सहलह बचत तथा ऋण सहकारी संस्था लि.को १९ औँ वार्षिक साधारणसभाको उद्घाटन नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले शनिबार पानसमा दीप प्रज्ज्वलन गरी गर्नुभयो ।

अतिथि गोसाईले आफ्नो चीन भ्रमणबारे अनुभव सुनाउँदै संसारको तेस्रो ठुलो लामो तथा चीनको सबैभन्दा ठुलो याङ्से नदी सफा भइरहनुमा त्यहाँका जनताको जनश्रमदानको महत्त्वपूर्ण भूमिका रहेको प्रस्ट पार्नुभयो ।

उहाँले चीनको विभिन्न ठाउँमा कुनै ठाउँ खाली रहेमा वृक्षरोपण तथा फूलहरू रोपिराखेको हुने, चारैतिर हरियाली भइरहने, स्कूलपछिको समयलाई उपयोग गर्न विद्यार्थीहरूको लागि गृहकार्य कक्ष, सहयोगी कक्ष, पुस्तकालयहरूको बन्दोबस्त, खेलकुद चित्रकला आदि कार्यक्रम चलाइराखेको बताउनुभयो ।

उहाँले टोल टोलमा सहकारी गतिविधि मात्र नगरिकन पुस्तकालय, विद्यार्थी गृहकार्य कक्षाहरूको पनि विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

समाजवादी देश चीनले एआईको उपयोग गरी समाज र मानव जातिको सेवा गरिराखेको चर्चा गर्दै उहाँले पुँजीवादी व्यवस्थामा पुँजीवादी शासकहरूले एआईको गलत तरिकाले प्रयोग गरी मानव जाति र समाजलाई ध्वस्त गर्न खोजिरहेको विचार व्यक्त गर्नुभयो ।



उहाँले चीनले कृषि आधुनिकीकरणबाट कृषि उत्पादन वृद्धि गरिरहेको तर नेपालका शासक दलहरूले कृषि क्षेत्रलाई बेवास्ता गरेको बताउनुभयो ।

उहाँले शासक दलहरूले देशको आर्थिक विकास गर्ने भन्दा युवाहरूलाई विदेश पठाउने, रेमिट्यान्स मात्र भित्र्याउनेमा ध्यान दिइराखेकोमा चिन्ता व्यक्त गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले सहकारीको प्रगति विवरण, आर्थिक प्रतिवेदनबारे बुझ्नुपर्ने, प्रश्नहरू गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले ख्वप नगर नमुना नगरको रूपमा विकास भइरहेको चर्चा गर्दै टोलवासीहरूले आफ्नो टोलको सरसफाइ, बोली व्यवहार र संस्कारलाई पनि परिष्कृत गर्दै जानुपर्नेमा जोड दिनुभयो ।

उहाँले सहकारीले आर्थिक गतिविधिमा मात्र सीमित नराखी सामाजिक गतिविधिलाई पनि अगाडि बढाउनुपर्ने बताउनुभयो ।

जिल्ला बचत तथा ऋण सहकारी सङ्घका प्रतिनिधि जगन्नाथ प्रजापतिले समुदायमा आधारित सहकारी संस्थाहरूले रासायनिक मल वितरण गरेजस्तै समुदायका जनताको हित हुने, संस्कृति संरक्षण हुने, उद्यम व्यवसाय सञ्चालन गर्न पाउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले सहकारीको पैसा ठगी गर्नेहरूलाई घरघरानाबाट सम्पत्ति जफत गरी कारबाही गर्नुपर्ने, सहकारीको नियमनभन्दा समुदायमा आधारित संस्थाहरूको विकास विस्तार गर्नुपर्ने विचार राख्नुभयो ।

संस्थाका अध्यक्ष श्याम तजलेको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा संस्थाका सल्लाहकार पुरुषोत्तम ग्वाछा, एण्डिज ग्वाछाले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा रामेश्वर मचामसीले प्रस्तुत गरेको प्रगति प्रतिवेदन, श्रीप्रसाद ग्वाछाले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन र केशरीमैया ग्वाछाले प्रस्तुत गरेको लेखा समितिको प्रतिवेदन सभाले पारित गरेको थियो ।

कार्यक्रममा संस्थाका असल ऋणी नवीनकुमार ग्वाछा, असल बचतकर्ता चन्द्रप्रसाद ग्वाछालाई सम्मान गरिएको थियो ।

समारोहमा एसईई उत्तीर्ण र कक्षा १२ उत्तीर्ण सहकारी सदस्य र सदस्यका छोराछोरीलाई सम्मान गरिएको थियो ।

संस्थाबाट आयोजित हस्तलेखन प्रतियोगिता जुनियर र सिनियर समूहका विजयीहरूलाई सम्मान तथा पुरस्कार वितरण गरिएको थियो ।

देशको...

भयो । आयोगले कम्तीमा प्रदेशसभामा भएका विपक्षी दलहरूलाई सरकारमा गएका दलहरूसँगै सहभागी गराई छलफल गराएको भए उपयुक्त हुने मत पनि बाहिरियो । संविधानअनुसार निर्वाचित स्थानीय र प्रदेशसभाको कार्यकाल पाँच वर्ष हुने उल्लेख छ भने स्थानीय तहको निर्वाचन ऐनमा कार्यकाल सकिने दुई महिनाअघि नै निर्वाचन हुने उल्लेख छ । आगामी जेठ ५ सम्म स्थानीय तहको कार्यकाल सकिने हुँदा दुई महिनाअघि चैत ५ भित्र चुनाव हुनुपर्ने अवस्था छ । प्रदेशसभाको चुनाव मङ्सिरको पहिलो हप्ता हुनुपर्ने प्रावधान छ । दुवै चुनावलाई १२-१४ अर्ब रुपैयाँ खर्च हुने भएकोले ६-७ अर्ब रुपैया खर्चबाटै एक चरणमा चुनाव हुनुपर्ने मत पनि बाहिरिएको छ ।

हार्दिक समवेदना



जन्म
२०१७/०४/१०

स्वर्गारोहण
२०८३/०७/३०

बलराम गाईजु

हाम्रा आत्मीय मित्र कृष्णराम गाईजुका श्रद्धेय बुबा **बलराम गाईजु**को स्वर्गारोहण भएको सातौँ दिन (न्हेनुमा)को पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

युनिक संगम समूह

सागर कोजु
केशव कोजु
पुण्यलाल चगुठी
रामसुन्दर मानन्धर
राजु अवाल
सुरेश माकजु
कृष्णप्रसाद गाईजु

एचआईभी एड्सबाट बचौ र बचाऔं

- एचआईभी एड्स असुरक्षित यौन सम्पर्क, संक्रमित सुई लगायतका कारणले सर्न सक्छ, त्यसैले:
  - असुरक्षित यौन सम्पर्कबाट जोगिऔं,
  - लागु औषधको दुर्व्यसन वा कुलतबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना



जन्म
२०१७/०४/१०

स्वर्गारोहण
२०८३/०७/३०

बलराम गाईजु

यस होटेल घ्याम्पे डाँडाका शेयर सदस्य कृष्णराम गाईजुका पूजनीय पिता **बलराम गाईजु**को दुःखद निधन भएको आज सातौँ दिन (न्हेनुमा)को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकाकुल परिवारजन तथा इष्टमित्र एवं आफन्तजनहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामनासहित उहाँको दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौँ ।

होटेल घ्याम्पे डाँडा प्रा.लि. परिवार
सूर्यविनायक-०७, भक्तपुर

हार्दिक समवेदना



जन्म
२०१७/४/१०

स्वर्गारोहण
२०८३/७/३०

बलराम गाईजु

यस कम्पनीका संस्थापक शेयर सदस्य कृष्णराम गाईजुका पूजनीय पिता **बलराम गाईजु**को दुःखद निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

सिर्जनशील बिजनेश इन्भेस्टमेन्ट प्रा.लि.
लिबाली-८, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: चक्रबहादुर चाकतु ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा